मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

● वर्ष १ ● अंक ३१४ ● २०८० साल असोज ०८ गते सोमबार ● Monday 25, September 2023 ● सूर्योदय: बिहान ५:५४ बजे ● सूर्यास्त: साँझ ५:५९ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## सामाजिक सद्भावका लागि सर्वदलीय बैठक



**मधेशदृष्टि**
**वीरगंज ।**
जिल्ला प्रशासन कार्यालय पर्सामा आइतबार सर्वदलीय बैठक भएको छ । बैठकले सबै वर्ग, समुदाय, धर्म मान्नेको देश साझा फूलबारी भएकाले आपसी सद्भाव कायम राखेर सबैले सबैको धार्मिक, परम्परा, रीतिरिवाज सम्मान गर्ने निर्णय गरेको छ ।
पर्साका निमित्त प्रमुख जिल्ला अधिकारी शिव लम्सालको अध्यक्षतामा बैठक भएको हो ।
बैठकले बहुजातीय, बहुभाषिक, बहुधार्मिक एवम् बहु सांस्कृतिक विशेषतायुक्त राष्ट्रको गरिमालाई आत्मसात् गर्दै सबै धर्म एवम् सम्प्रदायसँग सम्बद्ध संघसंस्था विविधताबीचको एकता कायम गर्दै जाने निर्णय गरिएको छ ।
यस्तै, सामाजिक, सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भाव संरक्षण एवम् प्रवद्र्धन गर्नु पर्नेमा जोड दिइएको छ ।
बैठकले समतामूलक समाज निर्माणमा अगाडि बढ्ने राष्ट्रको मर्म रहेअनुसार शान्ति, अमनचयनमा खलल हुने किसिमका धार्मिक एवम् सामुदायिक प्रकारका ¥याली, बन्दलगायतका कार्यक्रम एवम् गतिविधि कुनै पनि संघसंस्था एवम् समुदायले नगर्ने निर्णयसमेत गरेको छ । समाजलाई ऐक्यबद्ध बनाउने अभियानमा सम्पूर्ण राजनीतिक दल, स्थानीय तह, नागरिक समाज, संस्था, क्षेत्रलगायतका सरोकारवालाले सहयोग गर्ने निर्णयसमेत बैठकले गरेको वीरगंज महानगरपालिकाका नगरप्रमुख राजेशमान सिंहले बताए ।
बैठकमा जिल्ला समन्वय समिति पर्साका प्रमुख अजय सर्राफ, वीरगंज महानगरपालिकाका नगरप्रमुख सिंह, उपप्रमुख इम्तियाज आलम, जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी उपरीक्षक कोमल शाह, नेपाली कांग्रेस पर्साका उपसभापति रामनारायण कुर्मी, प्रवक्ता रमेश पाण्डे, नेकपा एमाले पर्साका संयोजक डा. विश्वम्भर शर्मा सहभागी थिए ।
यस्तै, जसपा पर्साका अध्यक्ष रामनरेश यादव, सचिव तबरेज अहमद, महानगर अध्यक्ष ईश्वरचन्द्र यादव, नेकपा एकीकृत समाजवादीका महानगर अध्यक्ष मनोज चौधरी, जनमत पार्टीका पर्सा संयोजक ओमप्रकाश सर्राफ, नेता शशीकपुर मियाँ, हिन्दूवादी नेता रञ्जित साह, ओमप्रकाश गुप्ता, नेशनल मेडिकल कलेजका प्रबन्ध निर्देशक बसरुद्दिन अन्सारी, जगरनाथपुर गाउँपालिकाका पूर्वअध्यक्ष जालिम मियाँलगायतको बैठकमा सहभागिता थियो ।
सर्वदलीय बैठकबाट जारी सहमतिपत्रमा जिल्लास्थित मुख्य राजनीतिक दलका प्रमुख, जनप्रतिनिधि, सुरक्षा निकायका प्रमुखले हस्ताक्षर गरेका छन् ।

## राष्ट्रपति आज जनकपुरधाम आउँदै





**मधेशदृष्टि**
**जनकपुरधाम ।**
राष्ट्रपति रामचन्द्र पौडेल आज (सोमबार) जनकपुरधाम आउने भएका छन् । महेन्द्रनारायण निधि स्मृति प्रतिष्ठान परिसरमा निर्मित मिथिला सांस्कृतिक सभाहल उद्घाटन गर्न राष्ट्रपति पौडेल जनकपुरधाम आउन लागेका हुन् ।
नेपाली सेनाको हवाईजहाज चढेर राष्ट्रपति पौडेल बिहान ८ बजे जनकपुरधामस्थित विमानस्थलमा आउने र सिधै जानकी मन्दिर पुग्ने कार्यक्रम छ । करिब आधा घण्टासम्म चल्ने 'खोरस पूजा' पछि जानकी मन्दिरबाट जनकपुर चुरोट कारखाना आवास क्षेत्रस्थित प्रदेश प्रमुखको निवासमा जलपान कार्यक्रम राखिएको छ ।
प्रदेश प्रमुख हरिशंकर मिश्रसँग भेटघाटपछि राष्ट्र बैंकको अतिथि गृहमा आराम गर्ने तालिका रहेको छ । सोही अतिथि गृहमा भोजन बन्दोबस्त गरिएको जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोज साहले जानकारी दिए ।
दिउँसो १ बजे राष्ट्रपति पौडेलले तिरहुतिया गाछीस्थित महेन्द्रनारायण निधि स्मृति प्रतिष्ठान परिसरमा निर्मित सांस्कृतिक हल उद्घाटन गर्ने कार्यक्रम तय भएको छ । उद्घाटनपछि सोही हलमा जनकपुरधाम उपमहानगरपालिकाले उनको नागरिक अभिनन्दन गर्नेछ ।
नगर प्रमुख साहले जनकपुरधामबासीका तर्फबाट राष्ट्रपति पौडेललाई नागरिक अभिनन्दन गर्न लागिएको मधेशदृष्टिलाई जानकारी दिए । पाँच सय ४० जना क्षमताको सांस्कृतिक हलमै राष्ट्रपति पौडेलले सम्बोधन गर्नेछन् ।
हलभित्र सीमित ठाउँ रहेकाले मधेश प्रदेशबाट प्रतिनिधित्व गर्ने राष्ट्रियसभा सदस्य, प्रतिनिधिसभा सदस्य, प्रदेशसभा सदस्य, नगर प्रमुख, उपप्रमुख, प्रमुख जिल्ला अधिकारीलगायत राजनीतिक दलका नेतालाई पास उपलब्ध गराइएको छ । अन्य सहभागीलाई प्रतिष्ठान परिसरमा टेन्ट लगाएर बस्ने व्यवस्था गरिएको छ भने राष्ट्रपतिलाई गरिने अभिनन्दन र उनले गरेको सम्बोधन सुन्न र हेर्न एलइडी स्क्रिन र साउन्ड टेन्टमै व्यवस्था

बाँकी पृष्ठ २ मा

## मधेशका घटनाबारे गम्भीर छौँः गृहमन्त्री



**मधेशदृष्टि**
**काठमाडौँ ।**
उपप्रधानमन्त्री एवम् गृहमन्त्री नारायणकाजी श्रेष्ठले सर्लाहीलगायत मधेश प्रदेशका विभिन्न जिल्लामा भइरहेका घटनाबारे आवश्यक परे नयाँ ढङ्गले निर्णय लिइने बताएका छन् ।
प्रतिनिधिसभाको राज्यव्यवस्था तथा सुशासन समितिको बैठकमा उनले कोशी र मधेश प्रदेशको शान्ति सुरक्षासहितको वस्तुस्थितिबारे प्रशासन र सुरक्षा संयन्त्रमार्फत निरन्तर जानकारी लिने कार्य भइरहेको बताए ।
बैठकमा नेकपा एमालेका रघुजी पन्त र लोकतान्त्रिक समाजवादी पार्टीका सर्वेन्द्रनाथ शुक्लाले सर्लाहीलगायतका जिल्लामा धार्मिक साम्प्रदायिक घटना गराउने प्रयासले तनाव बढिरहेकाबारे समितिमार्फत सरकारलाई जानकारी गराउँदै त्यसबारे आवश्यक जानकारी माग गरेका थिए ।
नेपाल बहुजातीय, बहुसांस्कृतिक, बहुधार्मिक र विविधताबीचको एकता रहेको मुलुक भएकाले यसमा आँच पु¥याउने र खलल पार्ने कार्य भइरहेको भन्ने सूचनाप्रति सरकार गम्भीर रहेको बताउँदै गृहमन्त्री श्रेष्ठले भने, 'जान÷अञ्जानमा हो वा कुनै निश्चित उद्देश्य लिएर भइरहेको छ भन्ने प्रश्न उठेको छ, यसलाई गम्भीरतापूर्वक लिएका छौँ ।'
उनले सकेसम्म प्रशासनिक निर्णय लिन नपरोस् भनेर सरकार लागिरहेको भन्दै पछिल्लो समय अवस्था बिग्रिँदै गएकाले प्रशासनिक निर्णय गर्ने विषयमा छलफल भइरहेको जानकारी दिए ।
उपप्रधानमन्त्री श्रेष्ठले भने, 'मूलभूतरुपमा प्रशासनिक विधिबाट समाधान गर्दा आउन सक्ने चुनौतीको पाटोलाई ध्यान दिँदै वैचारिक, राजनीतिक ढङ्गले वातावरण बनाएर समाधान खोज्ने प्रयत्न भइरहेको छ । प्रशासनिक पक्षबाट पनि गम्भीर छौँ, सम्पूर्ण प्रशासन र प्रहरी समयन्त्रलाई कुनै कमजोरी हुन नदिन संयमपूर्वक अघि बढ्नेछौँ ।'

## दशैँ नजिकै, बजेट अझै दूर

**सुरेश यादव**
**जनकपुरधाम ।**
'म शिक्षक आफ्नो पेशागत हितका लागि बोलेको नसुनेपछि बाध्य भएर दुई दिनका लागि आन्दोलनमा उत्रिएपछि विद्यार्थीको पढाई रोकेर आन्दोलन गरेको आरोप लाग्छ । साउनदेखि आज असोजसम्म सार्वजनिक बिदाको दिन बाहेक सधैँ विद्यालय पुगेकै छु, पठनपाठन जारी नै छ । एक महिना र दुई महिना होइन । दशैँ जस्तो राष्ट्रिय पर्व मान्न समेत काम गरेवापतको तलब पनि नपाउँदा किन होला कसैले हाम्रोबारे नबोलिदिएको ?'
धनुषा, सबैला नगरपालिकास्थित आधारभूत विद्यालय ठिल्लाका प्रधानाध्यापक दिनेश रायले आफ्ना एकजना व्यापारी साथीसँग मनको भावना यसरी पोखे । प्राधानाध्यापक रायले आफू कार्यरत विद्यालयमा मात्रै नभएर सिंगो नगरका सबै विद्यालय शिक्षकको पीडा उस्तै रहेको सुनाउँदै थिए ।
'नगरपालिकाले तलब दिने व्यवस्था लागू भएदेखि हो यस्तो समस्या आउन थालेको हो,' उनले भने, 'अघिल्लो नगर प्रमुखको कमजोरीले पो यस्तो हो कि भनेको त अहिले नयाँ मेयर आउँदा पनि त्यस्तै हुँदैछ ।' सबैला नगरपालिकामा चालु आर्थिक वर्षको बजेट कार्यान्वयन भइसकेको हुनुपर्ने समय दुई महिना बितेर तेस्रो महिनाको पनि एक हप्ता बितिसक्दा बजेट आउने सुरसार समेत देखिएको छैन । नगरसभाको उद्घाटन तोकिएको समयमै भए पनि त्यसको तीन महिना बितिसक्दा पनि बजेट ल्याउने वातावरण बन्न नसकेको सबैला नगरपालिकाकी उपप्रमुख रहिमा खातुनले बताइन् ।
'नगरपालिकाको बजेट कुन काममा कति खर्च भयो भन्ने पनि हामीले थाहा पाउन नहुने ?' उपप्रमुख खातुनले भनिन्, 'कुन निकायबाट कति बजेट आयो, कहाँ कति के कामका लागि खर्च भयो भनेर खोज्दा नगर प्रमुख कारीराम यादवले देखाउन नमानेपछि आजसम्म नयाँ बजेट ल्याउने वातावरण बन्न नसकेको हो ।'
सबैलाका वडा अध्यक्ष मनिष रायले कार्यपालिका सदस्यहरु नै कार्यपालिकाले कार्यान्वयन गर्ने बजेट र योजनाबारे अनभिज्ञ हुनु दुर्भाग्य रहेको उल्लेख गर्दै पारदर्शिताको नारा दिएर चुनाव जितेको र पछि यसै विषयमा प्रष्ट बोल्न नसक्ने अवस्था आएको दुखेसो पोखे । 'नगर प्रमुखसँग एउटै चुनाव चिन्हमा म पनि वडा अध्यक्षमा निर्वाचित भएको हुँ' वडा अध्यक्ष रायले भने, 'मैले सुशासनको मुद्दा उठाएकै भरमा चुनाव जितेको भन्ने विषय स्पष्ट छ । चुनाव जितिसकेपछि अघिल्लो जनप्रतिनिधि जस्तै मैले पनि बजेट सार्वजनिक गर्दिन भनेर भन्न मिल्छ ? मेरो राजनीति यहाँसम्म मात्रै हो ? त्यसैले विगतको हिसाबकिताब सार्वजनिक नभएसम्म नयाँ बजेट आउँदैन ।'
असार १० गतेभित्र आइसक्नुपर्ने बजेट त्यसको तीन महिना बितिसक्दा पनि ल्याउने वातावरण नबन्दा विकास निर्माणको काम मात्रै प्रभावित भएको छैन । नगरका कर्मचारी, शिक्षकलगायत आश्रित श्रमजीवीले तलबसमेत पाउन सकेका छैनन् । 'नगरसभा समयमा भएन, त्यसमा म जस्तो श्रमजीवीको के दोष ? जनप्रतिनिधिहरुको बीचमा कुरा मिलेन हामी शिक्षकले के गर्ने ? अनि कामै नगरी बस्नेहरुको कारण हामी सधैँ काम गरिरहनेहरुले दशैँ मान्न पनि तलब किन नपाउने ?' प्रधानाध्यापक रायको प्रश्न छ ।
धनुषामा सबैला नगरपालिकासँगै मिथिला नगरपालिका, कमला नगरपालिका, औरही गाउँपालिका, धनौजी गाउँपालिकाले पनि बजेट ल्याउन सकेका छैनन् ।
शहीदनगरपालिकाले दुई दिन अगाडि मात्र बजेट ल्याउन सफल भएको छ । कतै जनप्रतिनिधिबीचमा दलीय तालमेल नमिल्दा त कतै गत आर्थिक वर्षमा खर्च भएको बजेटको हिसाबमा चित्त नबुझ्दा नयाँ बजेट ल्याउन ढिलाई भइरहेको देखिन्छ ।

## सद्भाव भड्काउनेलाई कठघरामा ल्याउँः सिंह



वीरगंज महानगरपालिकाका नगरप्रमुख राजेशमान सिंहले धर्मका नाममा अराजकता मच्चाउँदै वीरगंजमा सद्भाव बिगार्न खोज्नेलाई कानुनी दायरामा ल्याउनु पर्ने बताएका छन् ।
नगरप्रमुख सिंहले मधेशदृष्टिसँग संक्षिप्त कुरा गर्दै वीरगंजको सद्भाव बिगार्न खोज्ने व्यक्तिलाई पहिचान गरेर कानुनी दायरामा ल्याउनु नगरवासीको साझा दायित्व भएको बताए । विभिन्न धर्म, संस्कृति, रीतिरिवाज, परम्परामा आधारित मिश्रित समाज रहेको वीरगंजमा दशकौँदेखिको आपसी सद्भाव र एकअर्काका धार्मिक परम्परालाई उच्च सम्मान गर्ने संस्कार रहँदै आएको बताउँदै नगरप्रमुख सिंहले वीरगंजको परम्परा कायम राख्न नगरवासी, राजनीतिक दल, नागरिकसमाजका अगुवा सक्रिय हुनु पर्ने बताए ।

### सद्भाव र्‍याली आयोजना

सर्लाहीको घटनालाई लिएर सिंगो मधेशका विभिन्न भूगोल उत्तेजित भइरहँदा वीरगंजमा थप अशान्ति नछाओस् भनेर सद्भाव र्‍याली आयोजना गरिएको छ । र्‍याली सोमबार बिहान १०:३० बजे निकालिने भएको छ ।
यता, वीरगंज महानगरपालिकाले सूचना जारी गर्दै सोमबार वीरगंजमा हुने सद्भाव र्‍यालीमा महानगरपालिकाका सबै कर्मचारीलाई अनिवार्य सहभागी हुन निर्देशन दिएको छ । वीरगंज महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मी पौडेलद्वारा जारी सूचनामा सोमबार बिहान १०:३० बजे वीरगंजको आदर्शनगरस्थित अन्तर्राष्ट्रिय स्वीमिङ्ग पुल परिसरबाट सुरु हुने सद्भाव र्‍यालीमा सहभागी हुन महानगरपालिकाका सम्पूर्ण कर्मचारीले अनिवार्य कर्मचारी परिचय पत्र र पोशाकसहित उपस्थित हुन आग्रह गरिएको हो ।




भर्ना खुल्यो! भर्ना खुल्यो!! भर्ना खुल्यो!!!
नेपाल सरकारको CTEVT द्वारा सम्बन्धन तथा मान्यता प्राप्त यस
राम जानकी टेक्निकल इन्ष्टिच्युट प्रा. लि.
मा निम्न कार्यक्रमहरु शैक्षिक सत्र २०८०।८१ को भर्नाका लागि लिइने पुन: प्रवेश परीक्षा (Entrance) को फारम वितरण भइरहेको सहर्ष जानकारी गराउँदछौं ।
फारम वितरण :-
मिति: २०८०।०६।१८ गतेसम्म
प्रवेश परीक्षा मिति :
२०८०।०६।२० गते
बिहान ८:०० बजे
कार्यक्रम :-
१) मेडिकल ल्याब टेक्नोलोजी (CMLT) - ३ वर्ष
२) प्रि-डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिङ - १८ महिने
३) प्रि-डिप्लोमा इन सिभिल इन्जिनियरिङ - १८ महिने
सम्पर्क स्थान :
राम जानकी टेक्निकल इन्ष्टिच्युट प्रा. लि.
क्याम्पस चौक, पिरडिया माई मन्दिरको पूर्वपट्टी, जनकपुरधाम-४
सम्पर्क नं.-९८४४०२०८८८, ९८४४०९९९२५ र ९८००८४३०१३

# बालकको मृत्युपछि स्थानीय आक्रोशित



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको बटेश्वर गाउँपालिकामा नदी छेउमा खनिएको खाल्डोमा खस्दा एक बालकको मृत्यु भएको छ ।
मृत्यु हुनेमो बटेश्वर गाउँपालिका वडा नम्बर १ स्थित धुमासन टोल बस्ने बिनोद महतोका ११ वर्षिय छोरा धिरज कुमार महतो रहेको धुनषा प्रहरीले जनाएको छ ।
शनिबार दिउँसो साथीहरुसँग खेल्नका लागि बिगही खोला छेउमा गएका थिए ।
साथीहरुसँग खेल्ने क्रममा धिरजन पानी जमेको खाल्डोमा डुबेका थिए । उनी लामो समयसम्म सो खाल्डोबाट ननिस्केपछि संगै भने मृत घोषणा गरेका थिए ।केही वर्ष अघि सो खाल्डो बटेश्वर गाउँपालिकाले नै खनेकाले स्थानीयहरु आक्रोशित छन् भने यता घटना विषयमा थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

# चीन पुगेर प्रचण्डले भने 'नेपाललाई गरिब रहिरहने छुट छैन'

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
चीन भ्रमणमा रहेका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले नेपाल अब गरिब मुलुक रहिरहने छुट नभएको बताएका छन् ।
नेपाल उद्योग वाणिज्य महासंघ र चाइना काउन्सिल फर प्रमोसन अफ इन्टरनेशनल ट्रेडले बेइजिङमा संयुक्त रूपमा आयोजना गरेको नेपाल चाइना बिजनेस फोरमलाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले यस्तो बताएका हुन् ।
'नेपाल र नेपाली जनतालाई गरिबीबाट बाहिर निकाल्न मेरो सरकारले काम गरिरहेको छ । हामी नेपाली जनताको विकास चाहन्छौँ,' उनले भने, 'नेपालले स्वदेशी तथा विदेशी लगानीको प्रवद्र्धन गरी गरिबी निवारण र सम्पत्ति बढाउने काम गर्न चाहेको छ ।' नेपाल अल्पविकसित मुलुकबाट स्तरोन्नति हुँदै गरेको र त्यो देशमा लगानी भित्र्याउन महत्वपूर्ण हुने बताउँदै उनले भने, 'यो स्तरोन्नति नेपालको रूपान्तरणको कोसेढुंगा बन्नेछ ।'
नेपाल सबैभन्दा उच्च र छिटो विकास गरिरहेका देशहरू चीन र भारतको बीचमा छ । यो रणनीतिक भूगोलले पनि नेपाललाई विदेशी लगानीकर्ताका लागि आकर्षक गन्तव्य बनाएको उनको भनाई थियो । चीनले



लगानी र प्रविधिका क्षेत्रमा गरिरहेको प्रगतिबाट नेपालले लाभ उठाउन चाहेको पनि उनले बताए ।
जनसांख्यिक लाभका हिसाबले पनि नेपाललाई लगानीको आकर्षक गन्तव्य बनाएको उनको भनाइ थियो । 'नेपालका युवाको औसत उमेर २४ वर्ष छ । नेपालमा लगानीको प्रतिफल उच्च छ, उच्च र दिगो आर्थिक वृद्धिको सम्भावना छ,' उनले भने । चीनले गरिबी निवारण, नवप्रवर्तन, विज्ञान तथा प्रविधिमा गरेको प्रगति अनुकरणीय रहेको भन्दै प्रचण्डले प्रशंसा गरे ।
नेपाल र चीनको इतिहास र मित्रता पाँचौं शताब्दीदेखि सुरु भएको र हाल उचाइमा रहेको उनले बताए । नेपाल र चीनबीचको व्यापार बढिरहेको भन्दै प्रचण्डले खुसी व्यक्त गरे । चीन सबैभन्दा ठूलो विदेशी लगानीकर्ता र दोस्रो ठूलो व्यापार साझेदार रहेकाले नेपालका लागि महत्वपूर्ण मित्रराष्ट्र रहेको उनको भनाइ थियो ।
'व्यापार घाटा नेपालको सबैभन्दा ठूलो समस्या हो । नेपालले निर्यात बढाएर यसलाई कम गर्ने प्रयास गरिरहेको छ । त्यसका लागि पूर्वाधार चाहिन्छ,' उनले भने, 'त्यसका लागि हामी नेपाल–चीन सहकार्य चाहन्छौँ । हामी चिया लगायत कृषि उत्पादन निर्यात गर्न चाहन्छौँ । सहुलियतपूर्ण बजार पहुँच चाहन्छौँ ।' व्यवसायको वातावरण सुधार गर्नका लागि नेपालले कानुनी सुधार गरिरहेको प्रधानमन्त्री प्रचण्डले बताए । 'अझै पनि हामी कानुनी र प्रक्रियागत सुधार गरिरहेका छौँ । हामी व्यवसायको वातावरण अझै राम्रो होस् भन्ने चाहन्छौँ । नेपालको श्रम ऐन, कम्पनी ऐन तथा उद्योग सम्बन्धी ऐनहरू पनि निरन्तर सुधार भइरहेका छन्,' उनले बताए ।
नेपालमा चिनियाँ लगानीकर्तालाई संरक्षण र लगानी प्रवद्र्धन गर्न कुनै कसर बाँकी नराख्ने उनले बताए । कार्यक्रममा चीनका वाणिज्य उपमन्त्री लि फीले नेपालको लगानी तथा व्यापार प्रवद्र्धनका लागि चीनले सहयोग गर्ने प्रतिबद्धता जनाए । नेपालको आर्थिक विकासमा सहयोग गर्न चीन तयार छ । उनले नेपाली उत्पादनहरूलाई चिनियाँ इ–कमर्सहरू मार्फत बजारीकरण गर्न चीनले प्रयास गरिरहेको पनि बताए ।
नेपाल र चीनबीच टिंकर र मुगु सीमामा यातायात पूर्वाधार बनाउने गरी काम भइरहेको जानकारी पनि दिए । साथै अरनिको राजमार्गको क्षमता विकास र रसुवागढी सडकको स्तरोन्नतिमा चीनले सघाउने उनले बताए । 'विदेशी लगानी आकर्षित गर्ने तथा निर्यात बढाउने विषयमा क्षमता विकासमा चीनले सहयोग गर्नेछ,' उनले भने ।
कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपाल ठूला छिमेकीहरूको तुलनामा सानो देखिए पनि विश्वमा जनसंख्याका हिसाबले ४९ औँ ठूलो मुलुक भएकाले नेपालमा लगानी बढाउन अनुरोध गरे । 'नेपालमा मध्यम वर्गको जनसंख्या बढ्दै गएकाले यो व्यापार र लगानीका लागि राम्रो अवसर हो,' उनले भने । नेपालका बाह्य क्षेत्र विशेषगरी विदेशी विनिमयको सञ्चिति तथा शोधनान्तर स्थिति असाध्यै सहज अवस्थामा रहेको र त्यो विदेशी लगानीकर्ताका लागि आकर्षणको विषय भएको उनको भनाइ थियो ।

# प्रधानमन्त्रीविरुद्ध अवहेलना मुद्दा सर्वोच्चको निर्णय मंसिरमा आउने

**मधेशदृष्टि**
**काठमाडौँ ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डविरुद्ध परेको अदालतको अवहेलनासम्बन्धी मुद्दामा सर्वोच्च अदालतले मंसिर २८ गते निर्णय सुनाउने भएको छ ।
न्यायाधीशहरु ईश्वरप्रसाद खतिवडा र कुमार रेग्मीको इजलासले सात वर्ष पुरानो मुद्दामा आइतबार निर्णय सुनाउने मिति तोकेको हो ।
द्वन्द्वकालीन मुद्दाबारे माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले २०७३ वैशाखमा विवादास्पद अभिव्यक्ति दिएका थिए ।
उनको अभिव्यक्तिले अदालतको अवहेलना गरेको भन्दै वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी लगायतले सर्वोच्च अदालतमा निवेदन दिएका थिए । लामो समयदेखि सर्वोच्चमा अड्किएको मुद्दामा आइतबार दुवैतर्फको बहस सकिएको छ । बहस सकिएपछि इजलासले मंसिर २८ गते निर्णय सुनाउने आदेश दिएको हो ।
उनीमाथिको आरोप ठहर भएमा अदालतले कैद वा जरिवानाको प्रस्तावसहित उनलाई माफी माग्ने अवसर दिन सक्नेछ । आरोप पुष्टि नभए निवेदन खारेज हुन्छ ।
२०७३ वैशाखको अन्तिम साता राष्ट्रिय सभागृहमा माओवादी कार्यकताको भेलामा प्रचण्डले अदालतमा आफूविरुद्ध षडयन्त्र भएको भनी अभिव्यक्ति दिएका थिए । माओवादीविरुद्ध अदालतलाई प्रयोग गरिएको र दिउँसै रात पार्ने प्रपञ्च भएको भन्दै उनले आक्रोश पोखेका थिए ।
त्यतिबेला व्यक्ति हत्याको आरोपमा बालकृष्ण ढुंगेल पक्राउ परेका थिए । गोरखाका कृष्णप्रसाद अधिकारीको हत्याको आरोपमा चितवनबाट माओवादी कार्यकर्ता छविलाल अधिकारी पक्राउ परेका थिए ।
त्यही आक्रोशमा प्रचण्डले शान्ति प्रक्रियाविरुद्ध अदालत अघि बढ्दैछ भनी विवादास्पद अभिव्यक्ति दिएका थिए ।
उनको अभिव्यक्तिविरुद्ध त्रिपाठीले अवहेलनाको आरोपमा कारवाही अघि बढाउन माग गर्दै सर्वोच्चमा निवेदन दिएका थिए ।

# दुई महिनामा दुई खर्ब ३३ अर्ब ३० करोड व्यापार घाटा

***दुई महिनामा नेपालले भारतसँग एक खर्ब ४४ अर्ब रुपैयाँ र चीनसँग ४६ अर्ब रुपैयाँ व्यापार घाटा सहँदा अमेरिकासँग भने एक अर्ब १४ करोड रुपैयाँ व्यापार नाफा भएको छ ।***

**मधेशदृष्टि**
**वीरगंज ।**
चालु आर्थिक वर्ष २०८०÷८१ को सुरुवाती दुई महिनामा मुलुकले दुई खर्ब ५९ अर्ब ७४ करोड ९८ लाख रुपैयाँ बराबरको वस्तु आयात गर्दा निर्यात २६ अर्ब ४४ करोड ७० लाख रुपैयाँमा खुम्चिएको छ ।
भन्सार विभागले सार्वजनिक गरेको भदौ मसान्तसम्मको तथ्याङ्कअनुसार दुई महिनामा मुलुकले दुई खर्ब ८६ अर्ब १९ करोड रुपैयाँको वैदेशिक व्यापार गर्दा दुई खर्ब ३३ अर्ब ३० करोड रुपैयाँ बराबर घाटा व्यहोरेको छ । विभागको तथ्याङ्कअनुसार गत आर्थिक वर्षको भदौ मसान्तसम्मको तुलनामा चालु आवको सोही अवधिमा वस्तुको आयात पाँच दशमलव ६ प्रतिशत र निर्यात सात दशमलव ७९ प्रतिशतले घटेको छ । यो अवधिमा समग्र वैदेशिक व्यापारमा पाँच दशमलव ३२ प्रतिशतको गिरावट देखिएको हो ।
गत साउन र भदौ महिनामा नेपालले भारतबाट मात्र एक खर्ब ६० अर्ब ७५ करोड रुपैयाँ बराबरको वस्तु आयात हुँदा १६ अर्ब ७३ करोड रुपैयाँ बराबरको निर्यात भएको छ । अर्थात् नेपालले यो अवधिमा भारतसँग मात्र एक खर्ब ४४ अर्ब रुपैयाँको व्यापार घाटा व्यहोरको छ ।
त्यस्तै, चीनबाट ४६ अर्ब ५४ करोड ३२ लाख रुपैयाँ बराबरको वस्तु आयात हुँदा ५४ करोड ३३ लाख रुपैयाँबराबरको मात्रै निर्यात भएको छ ।
गत दुई महिना अवधिको चीनसँगको व्यापार घाटा करिब ४६ अर्ब रुपैयाँ बराबर हो ।
नेपालले गर्ने वैदेशिक व्यापारमा नाफा भएको मुलुकमा भने संयुक्त राज्य अमेरिका देखिएको छ । साउन र भदौमा अमेरिकाबाट दुई अर्ब २२ करोड रुपैयाँ बराबरको वस्तु आयात गर्दा तीन अर्ब ३६ करोड रुपैयाँ बराबरको निर्यात गरेको देखिन्छ । अमेरिकासँगको व्यापार नाफा एक अर्ब १४ करोड रुपैयाँ बराबर छ ।

# सुन तस्करी प्रकरणमा तीन दलबीच चलफल

**मधेशदृष्टि**
**वीरगंज ।**
सुन तस्करी प्रकरण छानबिनका लागि गठन गरिने जाँचबुझ आयोगको कार्यादेशबारे प्रमुख तीन राजनीतिक पार्टीबीच छलफल भएको छ ।
आइतबार काठमाडौँको सिंहदरबारस्थित गृह मन्त्रालयमा सुन तस्करी प्रकरणको छानबिन गर्नका लागि जाँचबुझ आयोग गठन गर्न आयोगको कार्यादेशको सम्बन्धमा प्रमुख तीन राजनीतिक दलका नेताबीच छलफल भएको हो ।
छलफलमा गृहमन्त्री नारायणकाजी श्रेष्ठसहित नेकपा माओवादी केन्द्रका प्रमुख सचेतक हितराज पाण्डे, नेकपा एमालेका उपाध्यक्ष विष्णु पौडेल, एमालेका सचेतक महेश बर्तौला र नेपाली कांग्रेसका प्रमुख सचेतक रमेश लेखकको उपस्थिति थियो ।
भदौ ६ गते संसदमा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरुबीच सुन तस्करीबारे छानबिन गर्न जाँजबुझ आयोग ऐन, २०२६ बमोजिम असोज ५ गते नेपाल सरकारले आयोग गठन गरी सोही दिनदेखि कार्य प्रारम्भ गर्ने सहमति भएको थियो । यद्यपि आयोग बन्नसकेको छैन ।
आयोग बनाउने सम्बन्धमा बल्ल राजनीतिक दलहरुले छलफल सुरु गरेका छन् ।
छलफलपछि सञ्चारकर्मीसँग कुराकानी गर्दै नेपाली कांग्रेसका प्रमुख सचेतक रमेश लेखकले सुन तस्करी प्रकरणको अनुसन्धान सरकारी निकायले गरेको भन्दै सोही अनुसन्धानलाई आधार मानेर थप अनुसन्धान गर्नुपर्ने आफूहरुको धारणा रहेको बताए ।

# विना कारण चिनीको मूल्य ३० प्रतिशत वृद्धि

**मधेशदृष्टि**
**वीरगंज ।**
चिनीको भाउ अस्वाभाविक रुपमा बढेपछि वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभागले अध्ययन सुरु गरेको छ । चिनीको भाउ बढ्नुको कारणबारे अध्ययन गर्न टोली गठन गरेको र टोलीले केहीदिनमै प्रतिवेदन तयार पार्ने वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभागको अनुगमन शाखाका निर्देशक आनन्दराज पोखरेलले जानकारी दिए ।
टोलीको प्रतिवेदनका आधारमा कारबाही तथा हस्तक्षेप गर्ने उनले बताए । अहिले बजारमा अनुगमन गर्दा पनि व्यापारीले बिक्री अनुपातको खरिद बिल देखाउन नसकेका कारण मूल्यमा कालोबजारी नै देखिएको उनले बताए । हरेक चाडपर्वमा विभिन्न बहानामा चिनीको भाउ बढ्ने गरेकोमा यो वर्ष व्यापारीले अभावलाई कारण देखाएका छन् । होलसेल बजारमै भाउ बढेकाले खुद्रा व्यापारीले बढाएका छन् । तर होलसेल बजारमा भाउ बढ्नुपर्ने कारण नरहेको अध्ययन भइरहेको विभागले जनाएको छ ।
भाउ धेरै बढेपछि कतिपय खुद्रा व्यापारीले चिनी बेच्नै छाडेका छन् । नेपाल खुद्रा व्यापार सङ्घले भने खाद्य तथा किराना वस्तुको मूल्य सूचीबाट चिनीको सूची नै हटाएको छ । आफूसँग स्टक नरहेका भन्दै खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले चिनीको बिक्री स्थगित गरेको छ । एक महिना अघिसम्म किलोको १ सय रुपैयाँसम्ममा पाइने चिनीको भाउ अहिले ३० प्रतिशतसम्म बढेको छ ।

# २४११ प्रहरी जवान दीक्षित

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
विभिन्न प्रदेश प्रहरी तालिम केन्द्र तथा गणमा २०७९ कात्तिक २० गतेदेखि सञ्चालित प्रहरी जवान आधारभूत तालिममा सहभागी २ हजार ४ सय ११ प्रहरी जवान आइतबार दीक्षित भएका छन् । ती मध्ये ४ सय ६७ महिला र १ हजार ९ सय ४४ पुरूष छन् ।
नेपाल प्रहरी, सशस्त्र प्रहरी गण नम्बर १ नक्सालको दीक्षान्त समारोहमा प्रहरी नायव महानिरीक्षक बिष्णुकुमार केसीले प्रशिक्षार्थीलाई पुरस्कार तथा प्रमाणपत्र वितरण गरे । गणबाट १ सय १ जना प्रशिक्षार्थी दीक्षित भएका छन् ।
काठमाडौँ उपत्यका प्रहरी शिक्षालय महाराजगंजको दीक्षान्त समारोहमा राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानका प्रहरी नायव महानिरीक्षक रबिन्द्र केसीले प्रशिक्षार्थीलाई पुरस्कार तथा प्रमाणपत्र वितरण गरे । यो शिक्षालयबाट १ सय ३ जना प्रशिक्षार्थी दीक्षित भएका छन् ।
नेपाल प्रहरी युक्ति तालिम महाविद्यालय जर्गाह नवलपरासीको दीक्षान्त समारोहमा नेपाल प्रहरीका केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायव महानिरीक्षक कुबेर कडायतले प्रशिक्षार्थीलाई पुरस्कार तथा प्रमाणपत्र वितरण गरे । यो महाविद्यालयबाट १ सय ८९ प्रशिक्षार्थी दीक्षित भएका छन् ।
कोशी प्रदेश प्रहरी तालिम केन्द्र विराटनगरको दीक्षान्त समारोहमा कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरका प्रमुख प्रहरी नायव महानिरीक्षक राजेशनाथ बास्तोलाले प्रशिक्षार्थीलाई पुरस्कार तथा प्रमाणपत्र वितरण गरे । यो तालिम केन्द्रबाट २ सय ९५ प्रशिक्षार्थी दीक्षित भएका छन् ।
मधेश प्रदेश प्रहरी तालिम केन्द्र जनकपुर राजविराजको दीक्षान्त समारोहमा मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरका प्रमुख प्रहरी नायव महानिरीक्षक जनक भट्टराईले प्रशिक्षार्थीलाई पुरस्कार तथा प्रमाणपत्र वितरण गरे । तालिम केन्द्रबाट २ सय ८३ प्रशिक्षार्थी दीक्षित भएका छन् ।
बागमती प्रदेश प्रहरी तालिम केन्द्र दुधौली सिन्धुलीको दीक्षान्त समारोहमा बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाका प्रमुख प्रहरी नायव महानिरीक्षक किरण राणाले प्रशिक्षार्थीलाई पुरस्कार तथा प्रमाणपत्र वितरण गरिन् । तालिम केन्द्रबाट २ सय ८० प्रशिक्षार्थी दीक्षित भएका छन् ।
गण्डकी प्रदेश प्रहरी तालिम केन्द्र पोखराको दीक्षान्त समारोहमा गण्डकी प्रदेश प्रहरी कार्यालय पोखराका प्रमुख प्रहरी नायव महानिरीक्षक बुद्धिराज गुरूङले प्रशिक्षार्थीलाई पुरस्कार तथा प्रमाणपत्र वितरण गरे । तालिम केन्द्रबाट २ सय ७७ प्रशिक्षार्थी दीक्षित भएका छन् ।
लुम्बिनी प्रदेश प्रहरी तालिम केन्द्र बुटवलको दीक्षान्त समारोहमा लुम्बिनी प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायव महानिरीक्षक उमेशराज जोशीले प्रशिक्षार्थीलाई पुरस्कार तथा प्रमाणपत्र वितरण गरे । तालिम केन्द्रबाट २ सय ८७ प्रशिक्षार्थी दीक्षित भएका छन् ।
कर्णाली प्रदेश प्रहरी तालिम केन्द्र सुर्खेत (हाल नेपालगंज)को दीक्षान्त समारोहमा कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतका प्रमुख प्रहरी नायव महानिरीक्षक भीमप्रसाद ढकालले प्रशिक्षार्थीलाई पुरस्कार तथा प्रमाणपत्र वितरण गरे । तालिम केन्द्रबाट ३ सय प्रशिक्षार्थी दीक्षित भएका छन् ।
सुदूरपश्चिम प्रदेश प्रहरी तालिम केन्द्र दिपायलको दीक्षान्त समारोहमा सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय धनगढीका प्रमुख प्रहरी नायव महानिरीक्षक भरतबहादुर बोहराले प्रशिक्षार्थीलाई पुरस्कार तथा प्रमाणपत्र वितरण गरे । तालिम केन्द्रबाट १ सय ९६ प्रशिक्षार्थी दीक्षित भएका छन् । साथै सुदूरपश्चिम प्रदेश प्रहरी तालिम केन्द्र (प्रहरी प्रशिक्षण स्थल बुडर, डोटी) बाट १ सय प्रशिक्षार्थी दीक्षित भएका छन् ।

# राष्ट्रपति आज जनकपुरधाम..................

गर्न लागिएको साहले जानकारी दिए ।
राष्ट्रपति पौडेल आउने कार्यक्रमलाई लक्षित गरी जनकपुरधामका सबैजसो सडक सफाइ गरिएको छ भने कार्यक्रम स्थल सिंगारिएको छ । उनको सुरक्षाका लागि नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीको विशेष टोली परिचालन हुने जिल्ला प्रहरी कार्यालय धनुषाका प्रमुख एसपी विश्वराज खड्काले जानकारी दिए । उनका अनुसार राष्ट्रपतिको उपस्थिति जनकपुरधाममा रहेसम्म प्रदेश प्रहरी गण, ढल्केवर दंगा नियन्त्रण गण तथा ग्रामीण इलाका प्रहरी कार्यालयबाट समेत सुरक्षाकर्मीलाई जनकपुरधाम क्षेत्रमा परिचालन गरिने योजना बनाइएको छ ।

# ओहो ! यिनी कस्ती आमा ?

**मधेशदृष्टि**
**कञ्चनपुर ।**
बेलौरी नगरपालिका–७ स्याली खोला नजिकै बच्चाको हातखुट्टा बाँधेर उखुबारीमा अलपत्र छाड्ने महिला पक्राउ परेकी छिन् ।
शिशुकी आमा पुनर्बास नगरपालिका–२ अमरैयाकी २७ वर्षीया शर्मिला चौधरीलाई इलाका प्रहरी कार्यालय बेलडाँडीले पक्राउ गरेको हो । पुनर्बास नगरपालिका–२ अमरैयास्थित माइतीमा बस्दै आएकी शर्मिलाले आफैँले जन्माएको बच्चा उखुबारीमा बाँधेर फरार भएकी थिइन् । उनलाई शनिबार बेलडाँडी गाउँपालिका–३ बैवाहाबाट पक्राउ गरी पुनर्बास नगरपालिकाकी उपमेयर भुलिया रानासहितको रोहवरमा इलाका प्रहरी कार्यालय बेलौरी पु¥याएर मुद्दा चलाइएको प्रहरीले बताएको छ । शर्मिलाले यसअघि बेलौरी नगरपालिकाका अजय चौधरीसँग भागी विवाह गरेकी थिइन् ।
केही समय विवाहित जीवन राम्रो चले पनि पछि अजयलाई छाडेर उनले बेलौरीकै सुन्दर चौधरीसँग अर्को भागी विवाह गरेकी थिइन् । शर्मिलाबाट जन्मिएको शिशु कसको हो, बुवा को हुन् भन्ने पहिचान नभएपछि श्रीमान् सुन्दरसँग विवाद भएपछि उनी तेस्रो व्यक्ति बेलडाँडी–३ बैवाहका प्रेम डगौरासँग विवाह गर्न बच्चा छोडेर पुनः भाग्न लागेको प्रहरी अनुसन्धानम खुलेको छ ।
उनको शुक्रबार उखुबारीमा छाडेको बच्चा र त्यसअघि ६ वर्षको अर्को बच्चासमेत रहेको बुझिएको छ । नौ महिनाको बच्चाका कारण झगडा हुन थालेपछि उनले बच्चा छाडेर अर्केसँग विवाह गर्न हिँडेको प्रारम्भिक अनुसन्धानमा खुलेको छ ।

# मलंगवामा दिनभर तनाव सुरक्षा घेरामा सेना

**मनोज यादव**
**सर्लाही ।**
सदरमुकाम मलंगवामा हिन्दू–मुस्लिमबीचको विवादले मलंगवा तनावग्रस्त छ । दुई साताअघि कृष्णजन्माष्टमी पूजाको मूर्ति सेलाउनेक्रममा सुरु भएको विवाद स्थानीय प्रशासनको पहलमा साम्य भएपछि फेरि अर्को विवादले तनावको रुप लिएको हो ।
प्रमुख जिल्ला अधिकारी ईन्द्रदेव यादवको अध्यक्षतामा भएको छलफलमा घटनाको सत्यतथ्य पत्ता लगाई प्रतिवेदन पेश गर्न सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा ९ सदस्यीय छानबिन समिति समेत गठन भएको छ ।
समितिले घटना छानबिन गरिरहेकै अवस्थामा बिहीबार गणेश पूजाको मूर्ति सेलाउन जाँदै गरेको अवस्थामा पुनः झडप भएको थियो । झडपमा ७ युवा सामान्य घाइते भएका थिए भने एकजनामाथि छुरा प्रहार भएको थियो । छुरा प्रहारबाट गम्भीर घाइतेको वीरगंजमा उपचार जारी छ । स्वास्थ्य अवस्था सामान्य रहेको परिवारले जनाएका छन् । यो घटनापछि सार्वजनिक सम्पत्ति तोडफोड, आगजनी र उच्शृंखल गतिविधिलगायतका विरोध प्रदर्शनका कारण सर्वसाधारणको सुरक्षामा पर्नसक्ने जोखिम र शान्तिभंग हुने स्थितिलाई ध्यानमा राखेर प्रमुख जिल्ला अधिकारी यादवले सूचना जारी गर्दै बिहीबार राति १० बजेदेखि लागु हुने गरी अर्को आदेश वा व्यवस्था नहुन्जेलसम्म स्थानीय प्रशासन ऐन २०२८ को दफा ६(क) (१) र (३)बमोजिम मलंगवा नगर क्षेत्रमा कर्फ्उु लगाएका छन् । कर्फ्यु कायमै छ । कर्फ्यु लागेकै समयमा शनिबार राति ९ बजे केही अराजक प्रवृत्तिका स्थानीयले मलंगवा नगरपालिकाको वडा न–४ स्थित केही हिन्दू समुदायका स्थानीयको घरमा हातहतियारसहित आक्रमण गरी उनीहरूले जम्मा गरिराखेको परालमा आगजनी र केही घरमा तोडफोड गरेपछि आइतबारदेखि मलंगवाको अवस्था फेरि तनावपूर्ण बनेको हो । शनिबार रातिको घटनापछि आक्रोशित स्थानीयले आइतबार बिहानैदेखि नगरका विभिन्न ठाउँमा टायर बालेर प्रदर्शन गरे ।
प्रदर्शनक्रममा जम्मा भएका भिड तितरबितर पार्न नेपाल प्रहरीले दर्जनौँ सेल अश्रुग्यास प्रहार गरेको छ । मलंगवा नगरपालिका क्षेत्रमा ठूलो संख्यामा प्रहरी, दंगा नियन्त्रण टोली, सशस्त्र प्रहरी र नेपाली सेना परिचालन गरिएको छ । जनताले जिताएर संसदमा पठाएका कुनै पनि नेताहरुले घटना सुरु भएदेखि यस्तो संवेदनशील विषयमा प्रतिक्रिया नदिँदा जनता निरास बनेका छन् । सामुदायिक द्वन्द्व फैलाएको आरोपमा मलंगवाका ३ मुस्लिम समुदायका सदस्यलाई नियन्त्रणमा लिएर अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ ।

# मासु बजारः न अनुगमन न मापदण्ड

*नेपालको संविधानमा स्थानीय तहको एकल अधिकारको सूचीमा स्थानीय बजार व्यवस्थापन (बुँदा १०), कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य (बुँदा नं १५) को जिम्मा स्थानीय तहलाई छ । त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७५ को दफा ११ ले पनि छाडा पशुचौपाया नियन्त्रण, पशु वधशाला, पशुपक्षी चिकित्सा सेवा व्यवस्थापन, पशु स्वास्थ्यसम्बन्धी कार्य गर्ने अधिकार र दायित्व स्थानीय तहलाई दिएको छ ।*



**टीकाराम सुनार**
**जनकपुधाम ।**
उपभोक्ता अधिकारकर्मी देवकुमार महतोले स्थानीय सरकारको क्षेत्राधिकारमा आइसकेपछि मासु बजार व्यवस्थापनको काम प्रभावकारीरुपमा अगाडि बढ्ने अपेक्षा गरेका थिए । तर वर्षौंदेखि उपेक्षामा परेको मासु बजार स्थानीय सरकारले पनि प्राथमिकतामा नराखेपछि उनी अहिले निराश छन् । '२५ वर्षअघि पशु वधशाला र मासु जाँच ऐन, २०५५ बन्यो तर त्यसको कार्यान्वयन भएन । संविधानले ऐनअनुसारको काम गर्ने अधिकार अहिले स्थानीय तहलाई दिँदा पनि कुनै काम अगाडि बढेन । यसले हामीलाई चिन्तित बनाएको छ', महतोले गुनासो गरे ।
अधिकारकर्मी सुभद्रा आलेलाई पनि स्थानीय तहले उपभोक्ता हितलाई केन्द्रमा राखेर मासु बजार व्यवस्थापनको काम होला भन्ने लागेको रहेछ तर धनुषाका कुनै पनि स्थानीय तहले यसमा गम्भीरता नदेखाएकोमा उनी पनि असन्तुष्ट छन् । उपभोक्ताहित संरक्षण मञ्चका केन्द्रीय सदस्यसमेत रहेका आले भन्छन्, 'हामीले त सरोकारवालालाई झक्झक्याउने हो तर कार्यान्वयन गर्ने शक्ति र अधिकार त उहाँहरुसँगै छ । त्यो अधिकार प्रयोग गर्ने इच्छाशक्ति नदेखाउनु दुर्भाग्यपूर्ण छ ।' उनीहरु मात्रै होइन, स्थानीय तहहरुले नेपालको संविधान, पशु वधशाला र मासु जाँच ऐन, २०५५ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०५५ ले दिएको मासु बजार व्यवस्थापनको अधिकार कार्यान्वयन गर्ने दायित्वलाई प्राथमिकतामा नराखेको धेरैको गुनासो छ । 'संविधान आएको आठ वर्ष र सङ्घीयतानुसार स्थानीय सरकारले काम गर्न थालेको साढे छ वर्ष भइसकेको छ तर धनुषाका स्थानीय तहले पशु स्वास्थ्य तथा मासु बजार व्यवस्थापनका लागि भएका ऐन नियम कार्यान्वयन गर्ने र आफ्नो छुट्टै ऐन कानुन बनाउनेतर्फ ध्यानदिएका छैनन् । यसले गर्दा नागरिकहरु गुणस्तरहीन माछामासु खान बाध्य छौँ', अधिकारकर्मी दिनेश पूर्वेले खेद प्रकट गरे । नेपालको संविधानमा स्थानीय तहको एकल अधिकारको सूचीमा स्थानीय बजार व्यवस्थापन (बुँदा १०), कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य (बुँदा नं १५) को जिम्मा स्थानीय तहलाई छ । त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७५ को दफा ११ ले पनि छाडा पशुचौपाया नियन्त्रण, पशु वधशाला, पशुपक्षी चिकित्सा सेवा व्यवस्थापन, पशु स्वास्थ्यसम्बन्धी कार्य गर्ने अधिकार र दायित्व स्थानीय तहलाई दिएको छ ।
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र धनुषाका प्रमुख डा. सञ्जीवकुमार ठाकुरले माछा मासु बजार व्यवस्थापनको जिम्मा स्थानीय तहलाई दिइए पनि काम हुन नसकेको बताए । 'विशेषगरी वधशाला निर्माण, पशुविज्ञ जनशक्ति, मासु सुपरीवेक्षक नियुक्त गरी मासु बजारको नियमित अनुगमन तथा व्यवस्थापन स्थानीय तहले गर्नुपर्ने हो तर अहिलेसम्म १८ स्थानीय तहमध्ये कसैले पनि उल्लेखित काम गरेको जानकारीमा छैन । न त यसमा समन्वय नै भएको छ', ठाकुरले भने । विगत वर्षहरुमा सङ्घीय सरकारबाट वधशाला निर्माण तथा मासु बजार व्यवस्थापनका लागि आवश्यक बजेट तथा निर्देशन पनि आए थियो तर स्थानीय सरकारले प्राथमिकतामा नराख्दा यससम्बन्धी कामसमेत हुन नसकेको ठाकुरको भनाइ छ । उपभोक्ता अधिकारकर्मी आशुतोष झाले पनि मासु व्यापारको क्षेत्र कुनै पनि सरकारको प्राथमिकतामा नपर्दा निकै समस्याग्रस्त रहेको बताए । 'पहिले पनि ऐन, नियम कार्यान्वयन भएनन् । अहिले संघीयता आएपछि त झन् स्थानीय तहको क्षेत्राधिकार देखाएर पुराना कानुन दराजमै थन्काइएको छ । जसले उपभोक्ताहरु कमसल, गुणस्तरहीन मासु खान बाध्य छन्', उनले भने ।

**मासुपसल र मापदण्ड**
घरेलु तथा साना उद्योग कार्यालय धनुषाको तथ्याङ्कअनुसार धनुषा जिल्लाभर हालसम्म चार सय २० मासु पसल छन् । तीमध्ये जनकपुरधाम उपमहानगरमा मात्रै एक सय ९५ भन्दाबढी माछामासु पसल सञ्चालनमा रहेका कार्यालयका सूचना अधिकारी मुकेश कर्णले जानकारी दिए । कार्यालय प्रमुख किशोरी शरण यादवले प्राविधिक जाँचको काम आफ्नो कार्यालयको क्षेत्राधिकारमा नभएकाले कागजातका आधारमा भौतिकस्थित अनुगमन गरेर मासुपसल दर्ताको काम भइरहेको बताए । भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र धनुषाको तथ्याङ्क हेर्दा पनि यहाँ नगरपालिका तथा जिल्लास्थित प्रमुख बजारमा एकसयभन्दा बढी खसी तथा कुखुरा र एक दर्जनभन्दा बढी राँगाको मासु पसलहरु सञ्चालनमा छन् । त्यति नै सङ्ख्यामा माछा पसलहरु पनि सञ्चालनमा छन् र स–साना पसलहरु दर्ता प्रक्रियामै आउँदैनन् । जिल्लाको एकमात्रै उपमहानगरमै पशु वधशाला छैन भने मासु निरीक्षक र मासु सुपरीवेक्षक पनि अहिलेसम्म नियुक्त गरिएका छैनन् । त्यसैकारण यहाँ झिंगा भन्केका, छालासहित रङ दलेका, पानी छर्किएका, भिजाएको कपडाले छोपेका, निःसक्रमण नगरेको हतियार र टेबुलमा राखिएको मासु खानुपर्ने बाध्यता छ । खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय जनकपुरका प्रमुख विजय खनालले उपभोक्ताको स्वास्थ्यलाई ध्यानमा राखेर गर्नुपर्ने सामान्यभन्दा सामान्य कुरामा पनि लापरवाही गर्ने प्रवृति नरोकिएको बताए । 'मासुमा बेसारसम्म दल्न छुटदिइए पनि यहाँ त चम्पाइरंगलगायतका ङसायन दल्ने, सीसा र जालीभित्र मासु नराख्ने, उपभोक्ताले किन्दैनन् भनेर फ्रिजको प्रयोग नगर्ने समस्या छ । यि यहाँका साझा समस्या हुन्', खनालले भने ।

**'अनुगमनमा ध्यान छैन'**
आफ्नो क्षेत्रमा पर्ने स्थानमा सम्बन्धित स्थानीय तहले वधशाला निर्माण गर्ने र एकीकृत मासु बजारको व्यवस्थापन गर्नुपर्ने तथा प्राविधि जनशक्ति नियुक्त गरी नियमन तथा निरीक्षण गर्नुपर्ने कानुनी परिकल्पना हो । त्यसैगरी गैरसरकारी क्षेत्रबाट पनि वधशाला निर्माणको काम गर्न सकिने व्यवस्था छ । जनकपुरधाम उपमहानगरपालिकाका उपप्रमुख किशोरी साहले जनकपुरमा वधशाला निर्माण गर्ने र एकीकृत मासु बजार व्यवस्थापन गर्ने कुरा उठे पनि जग्गाको अभावमा समस्या भएको बताए । उनले धेरै जग्गा गुठी संस्थानको रहेको र उसले नगरपालिकालाई जग्गा दिन नचाहँदा बजार व्यवस्थापनका धेरै काम गर्न कठिन भएको गुनासो गरे । एकातिर पशु वशधाला र व्यवस्थित एकीकृत मासु बजार छैन । अर्कोतिर भएकै बजार तथा बिक्री केन्द्रलाई व्यवस्थित र सफासुग्घर राख्न सामान्य पहल गर्दा हुने काममा पनि स्थानीय तहको ध्यान गएको छैन । मासु बजारको अनुगमन गर्ने कार्य त विसं २०७८ पछि अगाडि नबढेको सरोकारवालाको भनाइ छ । उपमहानगरपालिका उपप्रमुख साहले पनि आफू निर्वाचित भइसकेपछि एकपटक पनि बजार अनुगमन नभएको स्वीकारे । 'उपभोक्ताको स्वास्थ्यमाथि खेलबहाड त गर्न पाइँदैन । यस विषयमा चाँडै काम हुन्छ', साहले भने ।

**तत्काल गर्नुपर्ने काम**
मासु बजार व्यवस्थापनका लागि आवश्यक पूर्वाधार नबनाइदिँदा व्यापारीहरु विगतदेखि नै समस्या देखाएर उम्किरहेका छन् । अब व्यापारी, उपभोक्ता र सरोकारवाला एक ठाउँ बसेर मासु बजारमा देखिएका समस्या समाधान गर्न लाग्नुपर्ने अधिकारकर्मी पूर्वेको सुझाव छ । 'शतप्रतिशत सुधार गर्न नसके पनि सामान्य पहल गर्दा हुने सुधारका विषयमा तीनै पक्ष गम्भीर बन्नुपर्छ । व्यापारी व्यवसायीका दायित्व, सरोकारवाला निकायको अधिकार र भूमिका, उपभोक्ताको कर्तव्य र जागरुकताको गम्भीर समीक्षा गरौ । अन्यथा मासुको नाममा मन्दविष खाइरहनुपर्ने हुन्छ', पूर्वेको टिप्पणी छ । खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय प्रमुख खनाल पनि व्यवसायीहरुले नाफाका लागि मात्रै काम गर्ने, उपभोक्ता सचेत नहुने र सरोकारवाला कार्यालयले अधिकार क्षेत्र देखाएर पञ्छिन नहुने धारणा राख्छन् । 'व्यापारीहरुले न्यूनतम् मापदण्ड पालना नगर्दा उहाँहरु र उहाँहरुको परिवारको स्वास्थ्य पनि जोखिममा पर्छ । उपभोक्ताले पनि रङ दलेको मासु रोज्ने, ताजै मासुको नाममा फ्रिजमा राखेकोलाई बासी भनेर नकिन्ने जस्ता बानी सुधार्नुपर्छ', खनालले भने, 'त्यसैले व्यवसायीका लागि तालिम, गोष्ठी, उपभोक्तामा जागरणका लागि सचेतना र संयुक्त तथा प्रभावकारी बजार अनुगमन जरुरी छ ।' डा. ठाकुर पनि स्थानीय तहले मासु बजारलाई प्राथमिकतामा राखेर ऐन नियम तर्जुमा, प्राविधि जनशक्ति नियुक्ति र अनुगमनको काम गर्न अपरिहार्य रहेको बताउँछन् । उनी भन्छन्, 'नागरिक स्वास्थ्यका लागि गर्नुपर्ने अनुगमन, जागरण र सचेतनाका काम त तत्काल गर्न तदारुकता र इच्छाशक्तिको खाँचो छ । समन्वयात्मक ढङ्गले अगाडि बढ्न सकिन्छ ।' उनले आफ्नो कार्यालयले चालु आर्थिक वर्षमा जिल्लाका चार स्थानमा एक करोड १५ लाख रुपैयाँको लागतमा माछामासु बजार व्यवस्थापन (बिक्री कक्ष निर्माण), एकीकृत मासु बजार (पसल) स्थापना गर्ने लक्ष्य राखेकाले यसमा सहकार्य र सहयोगका लागि पनि स्थानीय तहलाई आग्रह गरे ।

# एमबिबिएस अध्ययनरत विद्यार्थीको समस्यालाई चाँडो निकास दिनुपर्छः शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति

**रासस**
**काठमाडौँ ।**
प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिले एमबिबिएस अध्ययनरत एवं अनशनरत विद्यार्थीहरूको गुनासो सम्बन्धमा निर्देशन दिनुअघि विद्यार्थीको सम्पूर्ण विवरण र जानकारी सङ्कलन गर्दै पुनः छलफलमा बस्ने निर्णय गरेको छ । समितिको आइतबार बसेको बैठकले विद्यार्थीहरूको गुनासो सम्बन्धमा विद्यमान कानूनी प्रावधान, उनीहरूको माग र परिवेश एवं सम्भाव्यताको आधारमा उनीहरूको भर्ना वर्ष, शैक्षिक संस्था, उत्तीर्ण दर, औसत अनुत्तीर्ण दर र शुल्क तिरेको विवरणलगायतका विषयमा तथ्याङ्क सङ्कलन गर्ने निर्णय गरेको छ । सभापति भनुभक्त जोशीले समिति सचिवालयलाई जिम्मेवारी दिए । छलफलमा उजुरीकर्ता विद्यार्थीहरू, मेडिकल काउन्सिलका अध्यक्ष प्रा डा भगवान कोइराला, चिकित्सा शास्त्र अध्ययन संस्थानका सहायक डीन प्रा डा प्रेम ज्ञवाली र त्रिवि शिक्षाध्यक्ष प्रा डा शिवलाल भुसाल सहभागी थिए । बैठकमा सहायक डीन प्रा डा ज्ञवालीले चार पटकसम्म अनुत्तीर्ण विद्यार्थीलाई मौका परीक्षाको व्यवस्था गर्न नसकिने बताए । चिकित्सा जस्तो संवेदनशील


फाइल फोटो

विषयमा गुणस्तर कायम राख्न 'ब्यारियर सिस्टम' लाई हटाउन नसकिने उनको भनाइ थियो । 'मौका परीक्षा भनेर लाग्ने हो भने कति पटक दिने ?', उनले भने, 'तीन किस्ताको 'शुल्क' बुझाउनुभएका विद्यार्थीले सोही कलेजमार्फत शुल्क बुझाएको भौचर बुझाएर रकम फिर्ता पाउने व्यवस्था मिलाउन प्रक्रिया थाल्छौँ ।' नेपाल मेडिकल काउन्सिलका अध्यक्ष प्रा डा कोइरालाले भावनाका आधारमा समस्या समाधान नहुने भन्दै अनुत्तीर्ण विद्यार्थीलाई अन्य वैकल्पिक विषयमा अध्ययन गर्ने व्यवस्था मिलाउन सकिने सुझाव दिए । 'यी विद्यार्थीको भविष्यका लागि विकल्पका रूपमा पब्लिक हेल्थको अध्ययन गराउन सकिन्छ । सक्दो चाँडो वैकल्पिक निकास दिनुपर्छ', उनले सुझाव दिए । त्रिभुवन विश्वविद्यालयका शिक्षाध्यक्ष प्रा डा भुसालले एमबिबिएस नितान्त प्राविधिक र मानविय संवेदनशील विषय भएकाले ब्यारियर हटाउन नसकिने बताए । उनले मौका परीक्षाको नभएर भर्ना रकम फिर्ताको मागलाई सम्बोधन गर्न राय प्रस्तुत गरे । बैठकमा गण्डकी मेडिकल कलेजका विद्यार्थी राजीव दासले मौका परीक्षाको माग गरेको भन्दै सदस्यको ध्यानाकर्षण गराए । उनले भने, 'हामीले मौका पाउनुपर्छ, हामी सक्षम छौँ । यदि मौका परीक्षा नभए पाँच वर्षका लागि कलेजलाई बुझाएको शुल्क फिर्ता पाउनुपर्छ ।' किस्ट कलेजका विद्यार्थी निर्जल ढुङ्गानाले भर्ना गर्दा कलेजबाट भौचरसमेत प्राप्त नभएको बताए । 'कलेजले ढिलो बुझाउँदा ब्याजसहित भर्ना शुल्क असुलेको छ । कति विद्यार्थीलाई भर्नाको भौचरसमेत उपलब्ध गराइएन', उनले भने । झण्डै तीन सयको सङ्ख्यामा रहेका विद्यार्थी मौका परीक्षाको मागसहित तीन महिनादेखि आन्दोलनमा उत्रेका थिए । विद्यार्थीहरूले कोभिड–१९ का कारण आफूहरू अनुत्तीर्ण भएको बताए । चिकित्साशास्त्र अध्ययन अध्यापन गराउने कलेज तथा विश्वविद्यालयमा मौका परीक्षाको व्यवस्थामा एकरूपता नभएकोप्रति सदस्यले चासो व्यक्त गरे । समितिका सदस्य डा कालुराम राई र छविलाल विश्वकर्माले समस्याको समयमै सम्बोधन हुनुपर्नेमा जोड दिए । उनीहरुले मौका परीक्षाको व्यवस्थामा सबै विश्वविद्यालयमा एकरूपता हुनुपर्ने बताए । समितिका सदस्य सुमना श्रेष्ठले विद्यार्थीको वास्तविक विवरण र उनीहरूको मागमा स्पष्ट हुनुपर्ने बताए । बैठकमा समितिको कार्य क्षेत्रअन्तर्गत मन्त्रालय तथा निकायको कार्यको निगरानी मूल्याङ्कन तथा निर्देशन जस्ता विषयलाई कार्यमूलक बनाई सबै क्षेत्रको सेवा प्रभावकारिता बढाउन सदस्यलाई विविध समूहमा समूहकृत गरी आगामी बैठकमा उपसमिति गठन गर्ने निर्णय गरेका छ । यस्तै बैठकले समितिमा दर्ता भएका विधेयकमध्ये सार्वजनिक सेवा प्रसारण विधेयकलाई समिति बैठकमा छलफल गर्ने निर्णय गरेको छ ।

# मर्यादित महिनावारीबारे सचेतना फैलाउनुपर्नेमा छलफल

**रासस**
**काठमाडौँ ।**
मुलुकका सामाजिक न्याय कायम गर्न हरेक बिद्यालय र सञ्चारमाध्यमले मर्यादित महिनावारीबारे सचेतना जगाउनुपर्नेमा जोड दिइएको छ । राधा पौडेल फाउण्डेसन र शिक्षा पत्रकार समाजले आइतबार आयोजना गरेको 'मर्यादित महिनावारी र शिक्षा' विषयक छलफल कार्यक्रममा लैङ्गिक समानता प्राप्त गर्न विकास, नारीवाद र मानवअधिकारको इतिहासमा मर्यादित महिनावारी नयाँ आयाम भएकाले यसलाई जागरणको विषय बनाउनुपर्ने बताइएको हो । फाउण्डेसनको अध्ययनमा महिनावारी हुँदा बिद्यालय जानुहुँदैन, विद्यालयमा नातापर्ने पुरुष हुन्छन्, विद्यालय आफैमा सरस्वतीको मन्दिर हो भन्ने गलत सोचले छात्रामा बीचैमा कक्षा छाड्ने र बाल विवाह हुने समस्या देखिएको जनाइएको छ । सामाजिक अभियन्ता एवं लेखक राधा पौडेलले हरेक मानवको जन्म महिनावारी प्रक्रियाबाट हुने भएकाले महिनावारीको रगत अशुद्ध वा फोहर हो भन्ने भनाइ मिथ्या रहेकाले शिक्षाकर्मी र सञ्चारकर्मीले यसलाई चिर्न सक्नुपर्ने बताए । महिनावारीको



विभेद्ले शक्ति र पितृसत्ताको निर्माण तथा सवलीकरणका साथै गुणस्तरीय र नियमित पढाइमा बाधा ल्याउने अध्ययनबाट देखिएको उनले जनाए । 'महिनावारी हुँदा महिनामा पाँच दिन बारेर बिद्यालय नजाने हो भने किशोरीहरुको वर्षमा दुई महिना स्वतः पढाइ छुट्छ । उनीहरु प्रतिस्पर्धी बजारमा दक्षजनशक्ति बन्न नसक्ने अवस्था आउँछ । अझ डरलाग्दो स्थिति त बीचैमा पढाइ छाड्ने र बालविवाहका प्रवृत्ति पनि देखा पर्दछन् । यस्तो विभेद्ले असुरक्षित यौन सम्पर्क र गर्भपनका समस्या पनि देखिन सक्छ', अभियन्ता पौडेलले भने । उनले राष्ट्रिय महिनावारी नीतिको मस्यौदा २०७४ सालमा तयार भए पनि जारी हुन नसकेको र मुलुकी देवानीसंहिता, २०७४ मा महिनावारीसम्बन्धी विभेद्लाई दण्डनीय बनाइए पनि त्यसको प्रभावकारी कार्यान्वयन हुन नसकेको टिप्पणी गरे । अभियन्ता पौडेलले वुमन पिसमेकर अवार्ड र 'खलङ्गामा हमला' उपन्यासका लागि मदन पुरस्कार प्राप्त गरिसकेका छन् । कार्यक्रममा शिक्षा पत्रकार समाजसँगको सहकार्यमा मर्यादित महिनावारीका सवालमा खोज, अध्ययन पढाइ, स्थलगत रिपोर्टिङ, प्रकाशन र लेखनवृत्तिलगायत कार्यक्रम सञ्चालन गर्न सकिने सुझाइएको थियो ।

राजनीतिको नैतिकतासँग कुनै नातासाइनो छैन ।
–निकोलो म्याकभेली

## सम्पादकीय

## कायम रहला प्रचण्ड उत्साह ?

चीन भ्रमणमा रहेका प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले चिनियाँ राष्ट्रपति सि चिनफिङसँग शनिबार भेट गरेपछि आइतबार चिनियाँ दूतावासामा भएको छलफलमा भनेका छन्, ‘सिसँगको छलफलपछि निकै उत्साहित छु ।’ अमेरिका भ्रमणपछि स्वदेश नफर्की सिधै चीन भ्रमणमा गएका प्रधानमन्त्रीले सुरुमै चिनियाँ राष्ट्रपति सिसँग हाङजाउमा भेट गरेका थिए । प्रधानमन्त्री प्रचण्डले आइतबार साँझ बेइजिङस्थित नेपाली दूतावासमा आयोजित स्वागत समारोहमा सिँगको वार्ता निकै सौहार्दपूर्ण रहेको र यसले दुई देशबीचको सम्बन्धलाई थप उचाइमा पु¥याउने विश्वास आफूले लिएको सुनाए । उनले यसपटकको चीन भ्रमणको फरक र विशिष्ट उपलब्धि भएको बताउँदै राष्ट्रलाई चीनसँगको कुराकानीबाट विश्वासको थप वातावरण सिर्जना भएको महसुस गरेको सुनाए । नेपाल–चीनबीचको सदियौँ पुरानो सम्बन्धलाई भ्रमणले नयाँ आयाम थपेको भन्दै उनले सिसँगको वार्ताक्रममा नेपालको विकासका लागि सहयोगका साथै नयाँ क्षेत्रमा लगानीका विषयमा समेत कुराकानी भएको बताए । प्रधानमन्त्री दाहालले नेपालको विकासका लागि सरकारको एकल प्रयासमात्र सम्भव नहुने भन्दै वर्तमान सरकारले निजी क्षेत्रसँगको सहकार्यबाट अघि बढ्ने नीति लिएको बताउँदै चीनले दिएको आस्वासन, प्रतिवद्धता र विश्वासले नेपालले फाइदा लिन सक्ने संकेत गरे । प्रधानमन्त्री दाहालले संयुक्त राष्ट्रसङ्घीय महासभामा नयाँ तथा फरक मुद्दा उठाएको प्रसंग पनि सुनाए । नेपालको शान्ति प्रक्रिया नयाँ र फरक प्रकृतिको रहेको र यससम्बन्धी सङ्क्रमणकालीन न्यायका कतिपय काम टुङ्ग्याउनुपर्ने विषय उनले अन्तर्राष्ट्रिय समुदायलाई भनेको बताए । जलवायु परिवर्तनले नेपाललाई पु¥याएको असरका साथै अति कम विकसित राष्ट्रका मुद्दा पनि उनले एलडिसीको अध्यक्ष देशका हैसियतमा उठाएको सुनाए । प्रधानमन्त्री दाहालले यसपटकको भ्रमण नेपाल–चीनसम्बन्धका विविध आयामलाई थप प्रगाढ बनाउने कार्यमा केन्द्रित रहेको भन्दै आगामी दिनमा सहयोग र समझदारीका क्षेत्रहरू बढ्ने तथा कृषि, पर्यटन, स्वास्थ्य, शिक्षालगायतका विषयमा सहयोग आदानप्रदान थप सुदृढ हुने विश्वास व्यक्त गरे । अर्थात् प्रधानमन्त्री अमेरिका र चीनको भ्रमणबाट निकै आसावादी छन् । उनलाई आत्मविश्वास बढेको छ कि, दुई देशको भ्रमणले पक्कै नेपालमा उनको सरकारले चाहे धेरै गर्न सक्छ । भ्रमणताका हौसिने अरु नेताहरु भन्दा प्रचण्ड पनि कम त भएनन् । तर देशमा उनीविरुद्ध कुनै पनि बेला मोर्चा कस्ने तयारी भइरहन्छ । धार्मिक, आस्तिक, जातीय समूहहरुले द्वन्द्वको धूप बालिरहेका छन् । केही ससाना समूह पनि त्यसमा रत्तिरहेका छन् । संघीयता कार्यान्वयन, शान्तिप्रक्रियाका बाँकी काम अधुरै छ । जलस्रोतमा प्रगति भएको छ । पूर्वाधार बनेका छन् । तर राजनीतिक अस्थिरता माओवादी युद्धमा हुँदा भन्दा सत्तामा हुँदा बढी छ । यस्तोबेला आर्थिक विकास र समृद्धितर्फ देशलाई अगाडि लैजाने बाचासहित प्रधानमन्त्री भएको प्रसङ्ग उल्लेख गर्दै उनी यही तालिका अनुसार सरकार हिँडिरहेको बताइरहेका छन् । देशमा सत्तापक्षकै नेताहरु नागरिक बेचबिखनमा जेलमा छन् । प्रधानमन्त्रीकै पार्टीका नेताहरु चीनका व्यपारीसँगको सुन प्रकरणमा जोडिएका छन् । यस्तो बेला प्रचण्डको सुझबुझपूर्ण निर्णय जरुरी छ । प्रचण्ड उत्साह प्रचण्डमा मात्र होइन, देश र नागरिकमा पनि सञ्चार हुने गरी काम गर्न जरुरी छ । किनभने मधेशवादी दलहरुले चिनियाँ राजदूत फिता पठाऊ भनेरसमेत आवाज उरालेको अवस्थामा नेपालले भारत, चीन र अमेरिकासँग सन्तुलित व्यवहार गर्न जरुरी छ ।

## ✍ लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं। हाम्रो इमेल ठेगाना हो: madheshdristi@gmail.com

# चिनियाँ लगानीकर्तालाई नेपालमा लगानी गर्न आग्रह



*प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड'ले नेपालमा पर्यटन, पूर्वाधार, ऊर्जा, कृषि, औषधिजन्य उत्पादनलगायतका क्षेत्रमा लगानीको राम्रो सम्भावना भएको भन्दै लगानी गरी लाभ लिन पनि आग्रह गरे। 'नेपालमा पछिल्लो समय लगानीको वातावरण बनेको छ, सम्भावना भएका क्षेत्रमा लगानी गरी लाभ लिन म यहाँहरूसमक्ष आग्रह गर्दछु,' चिनियाँ लगानीकर्तालाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले भने, 'नेपालमा श्रम कानुन पनि लगानीमैत्री र लचिलो छ।*

**एकराज पाठक –**

प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले चिनियाँ लगानीकर्तालाई नेपालमा लगानीका लागि आग्रह गरेका छन् । चीनको औपचारिक भ्रमणमा रहेका प्रधानमन्त्री दाहालले बेइजिङमा आयोजित नेपाल–चीन बिजनेस समिटलाई सम्बोधन गर्नुहुँदै नेपालमा लगानीको वातावरण बनेको र यसको लाभ लिनका लागि चिनियाँ लगानीकर्तासमक्ष आग्रह गरे ।

चीनस्थित नेपाली राजदूतावासको समन्वय तथा नेपाल उद्योग वाणिज्य महासङ्घ र चिनियाँ उद्योगी व्यवसायीको संस्था सिसिपिआइटीले आयोजना गरेको सम्मेलनमा उनले भने, ‘हामीले लगानीमैत्री वातावरण बनाउनका लागि सम्बन्धित नीति तथा कानुन संशोधन तथा अद्यावधिक गरेका छौँ, त्यसैले अहिले नेपालमा लगानीको वातावरण राम्रो बनेको छ ।’

प्रधानमन्त्री दाहालले नेपालमा पर्यटन, पूर्वाधार, ऊर्जा, कृषि, औषधिजन्य उत्पादनलगायतका क्षेत्रमा लगानीको राम्रो सम्भावना भएको भन्दै लगानी गरी लाभ लिन पनि आग्रह गरे ।

‘नेपालमा पछिल्लो समय लगानीको वातावरण बनेको छ, सम्भावना भएका क्षेत्रमा लगानी गरी लाभ लिन म यहाँहरूसमक्ष आग्रह गर्दछु,’ चिनियाँ लगानीकर्तालाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले भने, ‘नेपालमा श्रम कानुन पनि लगानीमैत्री र लचिलो छ ।’

उनले नेपालमा कर पनि तुलनात्मकरूपमा कम रहेको भन्दै लगानीको उचित वातावरण बनेको स्पष्ट पारे । नेपालमा लगानीको सुरक्षा र आवश्यक एवम् उचित वातावरण निर्माणका लागि सरकार प्रतिबद्ध रहेको समेत बताए ।

सम्बोधनक्रममा प्रधानमन्त्री दाहालले नेपाल र चीनबीचको सम्बन्ध प्राचीन तथा ऐतिहासिक भएको उल्लेख गरे । ‘पाँचौँ शताब्दीमा नेपाली भिक्षु बुद्धभद्रले चीनको भ्रमण गर्नुभएको थियो भने सातौँ शताब्दीमा नेपालकी राजकुमारी भृकुटीको तिब्बतका राजा स्रङचङ गम्पोसँग विवाह गरी दुई देशबीचको सम्बन्ध अझ सुमधुर भएको थियो, १३ औँ शताब्दीमा नेपाली कलाकार अरनिकोले चीन आएर वास्तुकलाको क्षेत्रमा योगदान दिनुभएको थियो,’ उनले भने ।

प्रधानमन्त्री दाहालले सोही समयदेखि हिमालवारि र हिमालपारिको व्यापार सुरु भएको समेत भनाइ राखे ।

उनले चीन नेपालका लागि प्रत्यक्ष वैदेशिक लगानीका लागि ठूलो स्रोत र व्यापारका दृष्टिले दोस्रो मुलुक भएको बताए । नेपालको चीनसँग व्यापार घाटा ठूलो रहेको भन्दै त्यसलाई घटाउनका लागि उत्पादन क्षमतामा वृद्धि, भौतिक पूर्वाधार सुधार आवश्यक रहेको बताए ।

‘नेपालबाट चिया, जडीबुटी, कागती, भैँसीको मासु, कफी, अदुवालगायतका उत्पादन निर्यातको प्रचुर सम्भावना भएकाले यी वस्तुको उत्पादनमा हामीले प्राथमिकता दिएका छौँ,’ प्रधानमन्त्री दाहालले भने, ‘यसका लागि हामीले प्राविधिक अवरोध न्यूनीकरण गर्दै यस्ता उत्पादन प्रशोधनका क्षेत्रमा काम गरिरहेका छौँ ।’

नेपाल सन् २०२६ मा अति कम विकसित देशबाट विकासोन्मुख देशमा स्तरोन्नति हुने तयारीमा रहेको भन्दै सन् २०३० सम्ममा मध्यम आय भएको मुलुकमा पुग्ने लक्ष्य लिएको उनले बताए । ‘हामीले सन् २०१७ मा चीन सरकारसँग ‘बेल्ट एण्ड रोड इनिसिएटिभ’मा आबद्ध भएका छौँ, अहिले हामी कार्यान्वयनको अन्तिम तयारीमा छौँ,’ उनले भने ।

प्रधानमन्त्री दाहालले दुई देशबीचको क्रस बोर्डर कनेक्टिभिटी बढाउनका लागि महत्त्वपूर्ण अग्रसरता लिएको उल्लेख गर्दै आर्थिक सम्बन्धमा जोड दिइएको बताए । नेपालमा विद्युत् आपूर्ति उल्लेख्यरूपमा बढेको उल्लेख गर्दै उनले नेपाल यतिबेला विद्युत् निर्यात गर्ने अवस्थामा आइपुगेको बताए ।

चीनका वाणिज्य उपमन्त्री लि फाइले नेपाल र चीन सदियौँदेखिको घनिष्ट मित्र भएको भन्दै चीनले नेपालको सदैव उन्नति र समृद्धि देख्न चाहेको बताए । उनले दुई देशबीच विभिन्न क्षेत्रमा लगानीका अधिक सम्भावना रहेकाले आपसी समृद्धि, विकास र आर्थिक उन्नतिका लागि नेपालमा लगानीका क्षेत्र पहिचान गर्नका लागि दुवै देशले सामूहिक प्रयास गर्नेमा जोड दिए ।

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले चिनियाँ लगानीकर्ताका लागि नेपाल लगानीको विश्वासिलो गन्तव्य भएको भन्दै अझ बढी चिनियाँ लगानीको अपेक्षा रहेको बताए । उनले चीन नेपालका लागि दोस्रो ठूलो व्यापार साझेदार मुलुक भएको बताए । नेपालले कुल आयातको १६ प्रतिशत चीनबाट गर्ने गरेको उल्लेख गर्दै अध्यक्ष ढकालले नेपालबाट चीनतर्फको निर्यात कम भएकाले यसलाई बढाउनपर्नेमा जोड दिए । ‘नेपालमा लगानी गर्ने बहुराष्ट्रिय कम्पनीहरूले उच्च प्रतिफल लिइरहेका छन्,’ उनले भने, ‘नेपाल विदेशी लगानी भित्र्याउन र प्रविधि हस्तान्तरणका लागि तयार छ ।’ उनले यस वर्ष नेपालमा पर्यटकीय पूर्वाधारमा उल्लेखनीय प्रगति भएको, दुई वटा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएको र पर्यटकीय गन्तव्य सञ्चालनमा आएको भन्दै लगानीको सम्भावना बढेर गएको बताए ।

नेपाल उद्योग वाणिज्य महासङ्घले वैदेशिक लगानीकर्तालाई लक्षित गरी एकद्वार प्रणालीमार्फत वैदेशिक लगानी ल्याउनका लागि एफडीआई हेल्प डेस्क स्थापना गरेको समेत जानकारी गराए । उनले चिनियाँ लगानीकर्तालाई नेपालको ऊर्जा क्षेत्रमा राम्रो सम्भावना भएको भन्दै लगानीका लागि आग्रह गरे ।

चिनियाँ उद्योगी व्यवसायीहरूको संस्था सिसिपिआइटीका उपाध्यक्ष झाङ शाङगङले नेपालमा लगानीका लागि नेपाल उद्योग वाणिज्य महासङ्घ र सिसिपिआइटीको संयुक्त प्रयासमा लगानीका क्षेत्र पहिचान गरी लगानी गर्ने प्रतिबद्धता व्यक्त गरे ।

नेपाल उद्योग वाणिज्य महासङ्घका प्रत्यक्ष वैदेशिक लगानी एवम् अन्तर्राष्ट्रिय सम्बन्ध समितिका सभापति मनोज पौडेलले नेपालमा युवा जनशक्तिको संख्या ठूलो भएको उल्लेख गर्दै नेपालमा युवा उद्यमशीलता समेत बढेको बताए । उनले नेपालमा भएको युवा जनशक्तिको पूर्ण उपयोग गरी लाभ लिन चिनियाँ लगानीकर्ता समक्ष आग्रह गरे ।

### नेपाल–चीन व्यवसाय परिषद् स्थापना गर्न समझदारी

नेपाल उद्योग परिसङ्घ (सिएनआई) र चाइना काउन्सिल फर प्रमोसन अफ इन्टरनेशनल ट्रेड (सिसिपिआइटी) बीच दुई देशबीच लगानी तथा द्विपक्षीय सहकार्य प्रबद्र्धनका लागि नेपाल–चीन व्यवसाय परिषद् (नेपाल चाइना विजनेस काउन्सिल) स्थापना गर्ने समझदारी भएको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ को चीन भ्रमणका अवसरमा सिएनआई र सिसिपिआइटीबीच समझदारी भएको हो । समझदारी पत्रमा सिएनआइका अध्यक्ष राजेशकुमार अग्रवाल र सिसिपिआइटीका उपाध्यक्ष चाङ साओगाङले हस्ताक्षर गरेका छन् ।

समझदारीसँगै नेपाल चाइना बिजनेस काउन्सिलमार्फत द्विपक्षीय आर्थिक सहयोग अभिवृद्धि गर्ने, व्यापार तथा लगानीका अवसरहरुको पूर्ण सम्भावनाको सदुपयोग गर्ने र नेपाल चीन दुवैका व्यावसायिक समुदायको विकासका लागि सहजीकरणमा सहजता आउने विश्वास गरिएको छ । काउन्सिलले दुई देशबीच व्यावसायिक गतिविधिलाई सुव्यवस्थित गर्ने, अनुसन्धान र अध्ययन–सम्बन्धित पहल सञ्चालन गर्ने, लगानी अभिवृद्धिका लागि नेटवर्किङका अवसर सिर्जना गर्ने, व्यवसायिक भ्रमण आदानप्रदान गर्ने, सम्मेलन तथा संवादलगायतका गतिविधि गर्नेछ । यी लक्ष्य प्राप्त गर्न परिसङ्घ र सिसिपिआइटीले काउन्सिलको गठनसहित सहकार्यको रोडम्याप तयार पारेका छन् । नेपाल चाइना बिजनेस काउन्सिलमा चार सदस्य रहनेछन् र प्रत्येक संस्थाबाट दुई जना प्रतिनिधि हुनेछन् । परिसङघका अध्यक्ष अग्रवालले यस समझदारीले नेपाल चीनबीच व्यावसायिक सम्बन्ध अभिबृद्धिसँगै चिनियाँ लगानी तथा प्रविधि भित्र्याउन नेपाल–चीन व्यावसायिक परिषद महत्वपूर्ण माध्यम बन्ने बताए । उनले परिषद्ले देखिने गरी प्रभावकारी रुपमा काम गर्ने विश्वास समेत व्यक्त गरे ।

समझदारी हस्ताक्षर कार्यक्रममा परिसङ्घका तर्फबाट निवर्तमान अध्यक्ष विष्णुकुमार अग्रवाल, उपाध्यक्षहरु निर्वाण चौधरी, भीम घिमिरे समेत सहभागी थिए ।

### प्रधानमन्त्री दाहाल बेइजिङमा

चीनको औपचारिक भ्रमणमा रहेका प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ बेइजिङ पुगेका कछन् । चीनको औपचारिक भ्रमणका लागि शनिबार हाङ्जाउ पुगेका प्रधानमन्त्री दाहाल आइतबार स्थानीय समयअनुसार बिहान ११ बजे बेइजिङ पुगेका हुन् । प्रधानमन्त्री दाहालले बेइजिङमा नेपाल–चीन बिजनेस समिटलाई सम्बोधन गरे । चीनस्थित नेपाली राजदूतावासको समन्वय तथा नेपाल उद्योग वाणिज्य महासङ्घ र चिनियाँ उद्योगी व्यवसायीको संस्था सिसिपिआइटीले सम्मेलन गरेको हो । लगानी सम्मेलनमा नेपाल र चीनका एक सयभन्दा बढी उद्योगी–व्यवसायी सहभागी थिए । सम्मेलनक्रममा नेपाल र चीनबीच लगानीका क्षेत्र पहिचान गर्नुका साथै नेपालमा लगानी प्रवद्र्धनका विषयमा आवश्यक छलफल भएको थियो । चीनका लागि नेपाली राजदूत विष्णुपुकार श्रेष्ठले प्रधानमन्त्री दाहाल र चीन भ्रमणमा रहेको नेपाली प्रतिनिधिमण्डलको सम्मानमा बेइजिङमा रात्रीभोज गरेका छन् ।

### ‘चीनको अद्वितीय विकास र समृद्धिबाट लाभ लिउँ’

परराष्ट्रमन्त्री नारायणप्रसाद साउदले चीनको अद्वितीय विकास र समृद्धिबाट नेपालले लाभ लिन सक्नुपर्ने बताएका छन् । बेइजिङस्थित नेपाली राजदूतावासमा आयोजित कार्यक्रममा नेपाली समुदायलाई सम्बोधन गर्दै चीनले छोटो समयमा हासिल गरेको चामत्कारिक आर्थिक प्रगति प्रशंसा गरे । उनले चीनले नेपालको आर्थिक विकासमा गरेको निरन्तर सहयोगका लागि आफूहरू कृतज्ञ रहेको बताए । ‘नेपाल र चीनबीचको सम्बन्धलाई थप सुदृढ बनाउने दिशामा यहाँहरूले निरन्तर काम गरिरहनुभएको छ,’ नेपाली समुदायलाई सम्बोधन गर्दै उनले भने, ‘दुई देशबीचको शताब्दीयौँदेखि घनिष्ट एवम् मित्रवत सम्बन्धलाई थप प्रगाढ बनाउँदै आपसी हितका विषयमा सहकार्य अभिवृद्धि गर्दै जाने दिशामा प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’को यो औपचारिक भ्रमणलाई दुवै पक्षले अत्यन्त महत्त्वपूर्ण रूपमा लिएका छौँ ।’

उनले प्रधानमन्त्री र जनवादी गणतन्त्र चीनका राष्ट्रपति सि चिनफिङबीच शनिबार भएको द्विपक्षीय भेटवार्तामा नेपाल–चीन सम्बन्धका विविध विषयहरूमा सारगर्भित कुराकानी भएको भएको जानकारी दिए । ‘दुई असल एवं परम्परागत छिमेकीका रूपमा नेपाल र चीनबीच मित्रता र सांस्कृतिक आदानप्रदानको लामो इतिहास छ । हामीले पारस्परिक सम्मान, विश्वास र समझदारीमा आधारित घनिष्ठ सम्बन्ध कायम गर्दै आएका छौँ,’ उनले भने । उनले नेपाल एक चीन नीतिप्रति प्रतिबद्ध रहेको भन्दै नेपालको भूमि चीनको हितविरुद्ध प्रयोग हुन नदिनेमा आफूहरू दृढरूपमा प्रतिबद्ध रहेको बताए । साथै नेपालको सार्वभौमिकता, अखण्डता तथा राष्ट्रिय स्वतन्त्रताप्रति चीनको निरन्तर समर्थन र दृढ नीतिको सराहना समेत गरे । उनले नेपाल सरकार नेपालमा लगानी गर्ने विदेशी कम्पनीहरूलाई हरसम्भव सहयोग उपलब्ध गराउन प्रतिबद्ध रहेको भन्दै यसका लागि संस्थागत, नीतिगत, व्यवस्थापकीय, व्यवहार र अन्य पक्षमा सुधार गरेको बताए । उनले आवश्यकतानुसार थप सुधार गर्न नेपाल सरकार पूर्ण प्रतिबद्ध रहेको समेत बताए । ‘नेपाली जनताको समृद्धिका लागि आर्थिक विकासलाई तीव्रता दिन नेपाल अहिले प्रयासरत छ । सन् २०२६ मा हामी अति कम विकसित मुलुकबाट स्तरोन्नति हुँदैछौँ र यस स्तरोन्नतिलाई सहज र अपरिवर्तनीय बनाउन हामी प्रयासरत छौँ,’ उनले भने । विद्यमान व्यापार घाटा कम गर्न चिनियाँ बजारमा नेपाली उत्पादनको सहज पहुँचका लागि हामीलाई चीनको सद्भाव र सहयोगको आवश्यकता रहेको भन्दै परराष्ट्रमन्त्री साउदले नेपालमा उत्पादकत्व सुधार गर्न र चिनियाँ बजारमा नेपाली उत्पादनलाई प्रतिस्पर्धी बनाउन चीनलाई प्रविधि हस्तान्तरण गर्न अनुरोध गरेको बताए । ‘व्यापार, लगानी, प्रविधि हस्तान्तरण, जलविद्युत्, औद्योगिक उत्पादन, पूर्वाधार विकास, पर्यटन, कृषि, खनिज, खानी, गरिबी निवारण, शिक्षा, संस्कृति, कनेक्टिभिटीलगायतका क्षेत्रमा हाम्रो सहयोग र सहकार्य अभिवृद्धि गर्ने प्रशस्त सम्भावना छन्,’ उनले भने । परराष्ट्रमन्त्री साउदले नेपाल–चीन आर्थिक साझेदारी अभिवृद्धि गर्नका लागि सीमापार सम्पर्क सञ्जाल विस्तार अत्यावश्यक रहेको भन्दै नेपाल सरकारले नेपाल–चीनबीचका सबै सीमा नाकालाई नियमित सञ्चालन गर्ने, दुई देशको सीमामा पूर्वाधार निर्माण गर्ने, सीमा नाकामा परीक्षण र मान्यताका लागि पूर्ण सुविधासम्पन्न प्रयोगशाला स्थापना गर्ने, नेपाल–चीन सीमामा बन्दरगाह सुविधा निर्माणलाई तीव्रता दिने कामलाई प्राथमिकता दिँदै आएको बताए ।


### नेपाल रेल्वे समय तालिका

| जनकपुर-जयनगर रेलसेवा | | |
|---|---|---|
| सिफ्ट | जनकपुर | जयनगर |
| पहिलो | ८:३५ बजे | १०:०० बजे |
| दोस्रो | ११:३० बजे | १२:५५ बजे |
| तेस्रो | १६:३० बजे | १७:५५ बजे |

| जयनगर-जनकपुर रेलसेवा | | |
|---|---|---|
| सिफ्ट | जयनगर | जनकपुर |
| पहिलो | ०८:३० बजे | ०९:५५ बजे |
| दोस्रो | १५:०० बजे | १६:२५ बजे |
| तेस्रो | १८:०० बजे | १९:१२ बजे |

### ☎☎ महत्वपूर्ण टेलिफोन नम्बरहरू ☎☎

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ | |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

### मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँभभा : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँभ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |


### ----- राशिफल -----

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
धन आर्जनका नया स्रोतहरु खुल्नेछन, तपाइको को कार्यको उचित मूल्यांकन होला ।

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
पारिवारिक सद्भाव बढ्नेछ, सहित्य तथा संगीतमा रुची बढ्नेछ। आजको दिन तपाइको पक्षमा छ ।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
रोगबाट मुक्ति पाइएला । अधुरा काम बन्नाले मन हर्षित होला ।

ब्यापार तथा नोकरीबाट धन आर्जन हुने देखिन्छ । परिवारजनको सहयोग पाइएला ।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
पराक्रम वृद्धि होला, ठुला ठुला कार्य गर्न मन लाग्नेछ दाजुभाइको साथ् र सहयोग रहनेछ

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
अपरान्हपछी चोटपटक को भय हुनाले साबधान रहनुहोला।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
आजको दिन कुनै रमणीय तथा नयाँ स्थानको सुखद यात्रा होला ।

**वृश्चिक -**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
घरजग्गा तथा साधन बाहन किनबेच हुनसक्छ । आमाको सहयोग र आशिर्वादले धन आर्जन हुनसक्छ ।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
शैक्षिक क्षेत्रमा सुधार होला, अरुको बचन टाल्न नसक्दा दुख पाइनेछ ।

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
धार्मिक कार्य तथा समाजसेवामा मन जानेछ, स्वास्थ्य मा समस्या आउन सक्नेछ सचेत रहनुहोला ।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
चोटपटक लाग्न सक्ला, शत्रुपक्ष बलवान हुनेछन, आजको दिन कुनै नया कार्य नगरेको राम्रो हुनेछ ।

पश्चिम तिरको यात्रा गर्दा साबधानी अपनाउनुहोला । प्रेम बढ्ने योग छ, पत्नी तथा पुत्रबाट सहयोग पाइएला ।

# सोचेअनुरुप काम गर्न सकेनौँः डाँगी



**काठमाडौँ ।**
'सोचेअनुरुप काम गर्न नसक्दा म आफैँ पनि सन्तुष्ट छैन !' विधायिकाको भूमिकाबारे राससको जिज्ञासाको जवाफ दिँदै सङ्घीय सांसद निशा डाँगीले सांसदहरू आफ्नो मुख्य भूमिकामा धेरै हदसम्म चुकेको स्वीकारिन् । सांसदसँग राससको अन्तक्र्रियामा उनले आफ्नो संसदीय अभ्यासको अनुभव यसरी व्यक्त गरिन्, 'म आफैँलाई आफ्नो अपेक्षामा खरो उत्रिन सकेको छैन कि जस्तो लाग्छ । एक वर्षमा के–के नै गर्न सकिन्छ भन्ने लागेको थियो । मेरो व्यक्तिगत प्रयासका बाबजुद समग्र सदनको अभ्यास 'प्यासिभ' भएकै हो । सोचेअनुरुप काम गर्न नसक्दा म आफैँ पनि सन्तुष्ट छैन ।' विधायिकाको भूमिकामा प्रभावकारी काम गर्ने हुटहुटीका बाबजुद संसदीय अभ्यासमा सक्रिय हुन नसकेको उनको बुझाइ छ । 'सदनदेखि संसदीय समितिमा राम्रो 'पर्फमेन्स' दिन्छु, अध्ययनशील बन्छु, राम्रो गर्छु, नेतृत्व गर्छु भन्ने हिसाबले लागिपरेको छु । तर न समिति सक्रिय भइदिन्छ, न सदनमा जनताको आवाज बोल्ने पर्याप्त समय पाइन्छ', उनले भने । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को स्थापनासँगै राजनीतिक यात्रा सुरुआत गरेकी २६ वर्षीय डाँगी प्रतिनिधिसभासदस्य मध्ये कम उमेरकी सदस्य हुन् । उनले पार्टीको खस आर्य समूहमा समानुपातिक तर्फ निर्वाचित भएकी थिइन् । उनी रास्वपाको संसदीय दलको सचेतक पनि हुन् । सत्र वर्षको उमेरदेखि नै प्रत्यक्षरूपमा सामाजिककार्यमा संलग्न उनी अपाङ्ग सङ्घसंस्था, महिला पुनःस्थापना केन्द्र, सरसफाइ कार्यक्रम अभियान र वृद्ध तथा बालबालिकाको हकहित जगाउने गतिविधिमा संलग्न थिइन् । कम उमेरमा संसदीय अभ्यासको पहिलो अनुभव बटुल्दै गरेकी उनले आफ्नो भूमिका ओजपूर्ण बनाउन प्रयत्नशील रहेको कुराकानीका क्रममा बताइन् । 'मेरो राजनीतिक पृष्ठभूमि छैन । तर मभित्र समाजमा कुनै पनि हिसाबले योगदान पुर्याउनुपर्छ भन्ने सोच पहिल्यैदेखि थियो । अब विधायिकाको जिम्मेवारी प्राप्त गरेसँगै मलाई अल्मलिने न समय छ न छुट ।' प्रतिनिधिसभा, पूर्वाधार विकास समितिको सदस्यसमेत रहेकी डाँगीले समितिको बैठक नियमितरूपमा बस्न नसक्दा विधेयकमाथिको छलफलले तीव्रता पाउन नसकेको गुनासो गरिन् । 'धेरै बजेट खर्च हुने र धेरै मन्त्रालय सम्बन्धित हुने समिति पूर्वाधार विकास समिति हो । तर समितिको सभापति चयन हुनुभएको एक महिना बित्दा पनि कुनै विधेयकमाथि दफावार छलफल सुरुआत हुनसकेको छैन', उनले भिनन्, 'यस समितिअन्तर्गतका सम्बन्धित सातवटा विधेयकमध्ये कुनैमा पनि छलफल सुरु भएको छैन । मैले समिति सचिवालयमा लिखितरूपमा 'एजेण्डा' पेस गर्दा पनि चासो व्यक्त भएन ।' यस्तै उनले समितिमार्फत नै विधेयकलाई राम्रोसँग छलफल गरेर लग्नुपर्नेमा जोेड दिइन् । सदनमा युवा सांसदको प्रतिनिधित्व कम नै छ । ऊर्जाशील युवा सांसदको प्रतिनिधित्व गरिरहेकी उनले भिनन्, 'मलाई लाग्दथ्यो, राजनीतिक नेतृत्वले सबै कुरा गर्न सक्छन्, इच्छाशक्तिको अभाव हो । तर एक–दुई जनाले मात्र चाहेर हुने कुरा होइन रहेछ । बहुमतले चाहेको खण्डमा मात्र सबै सम्भव हुने रहेछ ।' उनका अनुसार सदनलाई सरकारले 'बिजनेस' नदिने र सांसदहरूले सकारात्मक दबाब सिर्जना गर्न नसक्दा पनि सदन क्रियाशील नदेखिएको हो । 'हामी कति पुराना कानुनमा चलिरहेका छौँ तर सरकारले 'बिजनेस' दिँदैन । स्वयं हामीले घच्घच्याउन सकेनौँ । त्यसमा सिङ्गो सदनसँगै म पनि सांसदको रूपमा चुकेको हुँ कि जस्तो लाग्छ', उनले भनिन् । संसदीय अभ्यासको अनुभव सुनाउने क्रममा उनले सदनमा हुने जनताका मुद्दा बाहिरका तथ्यहीन आरोप–प्रत्यारोपले सफल संसदीय अभ्यासबारे नै प्रश्न उठ्नु चिन्ताजनक भएको बताइन् । लामो समय राजनीति र संसदीय अभ्यासको अनुभव प्राप्त जनप्रतिनिधिले समेत संसदीय मर्यादाविपरीत बोलेको देख्दा सांसद डाँगीलाई आश्चर्य लाग्ने गरेको छ । 'कति कुरा देखाउनका लागि मात्र हुँदोरहेछ । उहाँहरू सदन बाहिर मिलेजस्तो गर्नुहुन्छ तर जनतालाई देखाउन आरोप–प्रत्यारोप गर्ने गरेको देख्छु', उनले भनिन्, 'नियमावलीमा के बोल्न हुन्छ÷हुँदैन भन्ने स्पष्ट लेखिएको छ । अझ अनौठो लाग्ने कुरा नियमावली लेख्दा छलफलमा बस्नुभएका सांसदहरू नै सदनमा संसदीय मर्यादाविपरीत बोल्नुहुन्छ ।' उनले पार्टीले 'ह्वीप' जारी गर्दा सांसदको स्वतन्त्र भूमिका खुम्चिने कुरामा सहमत हुँदै भनिन्, 'हाम्रो पार्टीमा हुँदैन म भन्दिनँ तर अन्य राजनीतिक पार्टीको तुलनामा हामी धेरै हदसँग स्वतन्त्र छौँ । पार्टीभन्दा पहिले सांसद जनप्रतिनिधि हो, जनताप्रति बढी उत्तरदायी हुनुपर्छ भन्ने सोचलाई कार्यान्वयन गर्न सकेमात्र पनि संसद्को भूमिका अझ बढी प्रभावकारी हुने थियो ।' उनले जनतामा मत माग्दा दिएको आश्वासनलाई पूरा गर्न सके जनप्रतिनिधि आफ्नो भूमिकामा धेरै हदसम्म सफल हुने बताइन्, 'तर एउटा नमीठो सत्य के हो भने आफ्नो मुख्य भूमिका, कानुन निर्माणभन्दा विकास निर्माणको आश्वासन बाँडेर मत माग्ने र त्यही पूरा गर्नमा अल्झियौँ । सांसदको भूमिकाबारे सांसद आफैँ सचेत हुनुपर्छ भन्ने जनतालाई पनि यसबारे जानकारी हुनुपर्छ', उनले भनिन् । उनले जनताको मुद्दा सदनमा प्रस्तुत गर्न एथेष्ट समय नपाएको बताइन् । 'पछिल्लो समय दोस्रो अधिवेशनमा बोल्न पर्याप्त समय दिइँदैन । जनताका धेरै मुद्दा हुन्छन्, सदन दुई घण्टा सञ्चालन हुँदा हाम्रो पार्टीले आठ मिनेट पाउँछ, त्यो आठ मिनेटमा कति कुरा राख्ने ?'

# पुसभित्र चिलिमे–त्रिशूली प्रसारणलाइन

*चिलिमे–त्रिशूली थ्री बी हब प्रसारण लाइनअन्तर्गत चिलिमे–मैलुङ खण्ड २० किलोमिटर डबल सर्किट र मैलुङ–त्रिशूली थ्री बी हबसम्म ८ किलोमिटर चार (मल्टी) सर्किट निर्माण गर्नेछ । दक्षिण कोरियाको कम्पनीको अगुवाइमा निर्माणाधीन २१६ मेगावाटको माथिल्लो त्रिशूली–१ जलविद्युत आयोजनाको विद्युत जोड्नका लागि मल्टी सर्किट लाइन बनाउन लागिएको हो*



**रासस**
**काठमाडौँ ।**
त्रिशूली चिलिमे र सहायक नदीहरुको बिजुली राष्ट्रिय प्रसारण प्रणालीमा जोडनका लागि महत्वपूर्ण मानिएको चिलिमे–त्रिशूली २२० केभी प्रसारण लाइन र सवस्टेशनको निर्माण आगामी पुसभित्र सक्नैपर्ने गरी समयसीमा तय गरिएको छ ।नदी करिडोरमा निर्माणाधीन तथा निर्माण हुने जलविद्युत् आयोजनाको विद्युत् राष्ट्रिय प्रणालीमा प्रवाहका लागि चिलिमे–त्रिशूली दुई सय २० केभी प्रसारण लाइन आयोजना निर्माणाधीन छ । आयोजना अन्तर्गत रसुवाको आमाछोदिङमो गाउँपालिकास्थित थम्बुचेत र नुवाकोटको किस्पाङ गाउँपालिकाको पहिरेबेँसीमा २२०–१३२–३३ केभीको क्रमशः चिलिमे हव र त्रिशूली थ्री बी हब सबस्टेसन निर्माणाधीन छन् । साथै, चिलिमे–त्रिशूली थ्री बी हब २८ किलोमिटर २२० केभी डबल सर्किट प्रसारण लाइन निर्माण भइरहेको छ । नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ र प्रसारण निर्देशनालयका उपकार्यकारी निर्देशक दीर्घायुकुमार श्रेष्ठ सम्मिलित उच्चस्तरीय टोलीले शनिबार र आइतबार निर्माणाधीन सबस्टेसन तथा प्रसारण लाइनको स्थलगत अनुगमन गरी आगामी पुसभित्र काम सक्ने समयसीमा तय गरेको छ ।आयोजना व्यवस्थापन, परामर्शदाता र ठेकेदार कम्पनीबीच छलफल गरी निर्माणमा ढिलाइ नगर्न, कामदार थपेर कामलाई तीव्रता दिन निर्देशन दिँदै टोलीले बाँकी रहेका हरेक काम सम्पन्न गर्ने तालिका तय गरी सोहीअनुसार कार्यसम्पादन गर्न निर्देशन दिएको छ । टोलीले निर्माण प्रगतिको नियमित अनुमगन गर्ने छ ।कार्यकारी निर्देशक घिसिङले प्रसारण लाइन अभावमा चिलिमे जलविद्युत् कम्पनीको अगुवाइमा निर्माणाधीन एक सय ११ मेगावाटको रसुवागढी र ४२ दशमलव पाँच मेगावाटको सान्जेन जलविद्युत् आयोजनाको विद्युत् खेर जाने अवस्था आउन नदिन सबै गम्भीर भएर बाँकी रहेका काम सम्पन्न गर्न लाग्नुपर्ने बताए ।

दुवै आयोजनाबाट आगामी पुसभित्रमा विद्युत् उत्पादनको लक्ष्य राखी अन्तिम चरणका काम भइरहेका छन् । 'यस वर्षको हिउँदको विद्युत् माग व्यवस्थापनका लागि दुई आयोजनाबाट उत्पादित विद्युत्ले धेरै सहयोग गर्छ, प्रसारण लाइन अभावमा विद्युत् जोड्न नसक्ने अवस्था आएमा राज्यलाई नै ठूलो घाटा हुन्छ, यसतर्फ सबै गम्भीर र संवेदनशील बनौँ', कार्यकारी निर्देशक घिसिङले भने । उनका अनुसार धेरै गाह्रो ठाउँमा टावर निर्माण गर्नुपर्ने छ भने टावरको जग हाल्ने, खडा गर्ने, तार तान्ने, सवस्टेसनका उपकरण जडान गर्ने लगायतका सबै काम समानान्तर रुपमा जनशक्ति थपेर अगाडि बढाउनुपर्नेछ । ठेकेदार कम्पनीले बेहोरिरहेको नगद प्रवाह, सामाजिक समस्या समाधानका लागि आवश्यक सहजीकरण गर्न आफूहरु तयार रहेको उनको भनाइ छ ।भौगोलिक रुपमा अत्यन्तै जोखिमयुक्त र कठिन हिमाली क्षेत्रमा टावर बनाउनुपर्ने, भीरैभीर रहेको र सडक पहुँच पनि नभएकाले ढुङ्गा गिट्टी, बालुवा, टावरका सामान, पानीलगायतका निर्माण सामग्री मानिस वा खच्चडबाट बोकाएर लैजानुपर्ने, बाढीपहिरो, ठेकेदारको कमजोर कार्यसम्पादन, वन क्षेत्रको जग्गा प्रयोगको समस्या, स्थानीयको अवरोध, कोभिड–१९ लगायतका कारण आयोजनाको निर्माण प्रभावित हुँदै आएको छ ।पछिल्ला दुई वर्षमा आयोजनाको ठेकेदार चिनियाँ कम्पनी पिङगाओ ग्रुप अफ कम्पनीजले कार्यसम्पादनमा केही सुधार गरेको छ । कम्पनीले पुसभित्र निर्माण सक्ने प्रतिबद्धता जनाएको छ । दुवै सबस्टेसन उपकरण राख्ने सिभिल संरचनाको निर्माण अन्तिम चरणमा छ ।सबस्टेसनमा रहने पावर ट्रान्सफर्मर, जिआइएसलगायतका मुख्य उपकरण आयोजनास्थलमा ल्याइसकिएको छ । यता प्रसारण लाइनका टावर, कन्डक्टरलगायतका सम्पूर्ण उपकरण निर्माणस्थलमा आपूर्ति भइसकेका छन् । कूल २८ किलोमिटर प्रसारण लाइनमा पर्ने ७६ वटा टावरमध्ये ५६ वटाको जग हालिएको छ । बाँकी टावरको जग हाल्ने काम भइरहेको छ । ४८ वटा टावर खडा गरिएको छ । १० किलोमिटर तार तानिएको छ । खडा गरिएका टावरमा तार तान्ने काम भइरहेको छ । आयोजनाको समग्र निर्माण प्रगति ९० प्रतिशत छ । चिलिमे–त्रिशूली थ्री बी हब प्रसारण लाइनअन्तर्गत चिलिमे–मैलुङ खण्ड २० किलोमिटर डबल सर्किट र मैलुङ–त्रिशूली थ्री बी हबसम्म ८ किलोमिटर चार (मल्टी) सर्किट निर्माण गर्नेछ । दक्षिण कोरियाको कम्पनीको अगुवाइमा निर्माणाधीन २१६ मेगावाटको माथिल्लो त्रिशूली–१ जलविद्युत आयोजनाको विद्युत जोड्नका लागि मल्टी सर्किट लाइन बनाउन लागिएको हो । माथिल्लो त्रिशूली–१ ले मल्टी सर्किट लाइन बनाउँदा भएको खर्चको ६० प्रतिशत रकम बेहोर्ने छ । प्रसारण लाइन र सबस्टेसन निर्माणका लागि पिङगाओसँग २०७४ को कात्तिकमा ठेक्का सम्झौता भएको थियो । ठेक्का सम्झौता २०७४ को पुसमा कार्यान्वयनमा आएको थियो । अनुमानित लागत अमेरिकी डलर तीन करोड ९० लाख रहेको आयोजनामा नेपाल सरकार तथा प्राधिकरणको लगानी र जर्मन विकास बैंक, युरोपेली लगानी बैकको सहुलितपूर्ण ऋण रहेको छ ।

# ऊर्जा क्षेत्रविकासका लागि ८५ बुँदे कार्यक्रम




**रमेश लम्साल**
**काठमाडौँ ।**
सरकारले मुलुकको ऊर्जा क्षेत्रको बृहत्तर विकासका लागि विभिन्न ८५ बुँदे कार्यक्रम तय गरेको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले तयार पारेको ऊर्जा विकास मार्गचित्र तथा कार्ययोजना, २०८० मा ती कार्यक्रम प्रस्ताव गरिएको हो । ती कार्यक्रममा कुन निकायले के–कति समयमा कसरी काम गर्ने भन्ने समयसीमासमेत निर्धारण गरिएको छ ।सरकार र सरकार मातहत रहेका सबै निकायलाई उत्तिकै जिम्मवार र जवाफदेही बनाउने, नीतिगत तथा कानुनीरूपमा रहेको अड्चन हटाउने तथा प्रक्रियागतरूपमा लाग्दै आएको समय कम गर्दै दिगो र दीर्घकालीन विकासलाई प्रमुख प्राथमिकता दिने विषयलाई उच्च महत्व दिइएको छ । मुलुकको आर्थिक विकासको प्रमुख आधारका रूपमा ऊर्जा क्षेत्रले विकास गरेपछि त्यसलाई नै थप अगाडि बढाउने लक्ष्यका साथ स्पष्ट कार्ययोजना अगाडि सारिएको ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले जानकारी दिए । प्रस्तावित कार्यक्रममा ऊर्जाको माग प्रवद्र्धन तथा व्यवस्थापनसम्बन्धी अध्ययन एवं नीगित सुझाव प्रदान गर्न जल तथा ऊर्जा आयोगको भूमिकालाई थप विस्तार गरिनेछ । काम तत्काल गरिनेछ । यस्तै राष्ट्रिय प्रसारण ग्रिडको सञ्चालन, विस्तार तथा व्यवस्थापन गर्न एक छुट्टै निकाय तोकिने छ । यसबाट प्रसारण प्रणालीको विकासमा थप सहयोग पुग्नेछ ।जलविद्युत् आयोजनाहरूमा लगानी सुनिश्चितताको प्रत्याभूतिका लागि एक सय मेगावाटमाथिका विद्युत् बिक्री सम्झौता भई वित्तीय व्यवस्थापन गर्न बाँकी रहेका स्वदेशी लगानीमा आधारित नदी प्रवाही र अर्धजलाशययुक्त आयोजना र आगामी दिनमा विद्युत् बिक्री सम्झौता गरिने आयोजनाको अधिकतम १७ प्रतिशत बराबरको स्वपुँजीमा प्रतिफल रहनैपर्ने प्रावधान हटाइने भएको छ । हटाउने काम प्राधिकरणले गर्नेछ । त्यसका लागि ऊर्जा मन्त्रालयले आवश्यक सहजीकरण गर्ने भएको छ ।प्रस्तावित कार्यक्रममा विद्युत् उत्पादन, प्रसारण, वितरण तथा व्यापारसम्बन्धी व्यवस्थालाई समयसापेक्ष बनाई स्वच्छ, भरपर्दो, गुणस्तरीय, सुरक्षित तथा सर्वसुलभ विद्युत् आपूर्ति गर्न विद्युत् ऐनलाई शीघ्र प्रक्रियामा अगाडि बढाउने उल्लेख छ । विद्युत् ऐन सङ्घीय संसद्मा पेस भइसकेको छ ।जलविद्युत् आयोजनाको विकास एवं निर्माणका लागि जग्गा प्राप्ति गर्दा हालको ७५ रोपनीको हदबन्दीको सीमालाई पुनरावलोकन गरिने भएको छ । सीमाका कारण आयोजना निर्माणमा बाधा पर्दै आएको छ । कार्य आगामी पाँच महिनाभित्र एउटा निष्कर्षमा पुर्याउने लक्ष्य राखिएको छ ।विद्युत् प्रसारण लाइनको अध्ययन, विकास एवं निर्माण गर्दा सम्भव भएसम्म निजी जग्गाको प्रयोग कम गर्ने गरी सरकारी वा वन क्षेत्रको जग्गा उपयोगलाई प्राथमिकता दिने व्यवस्था मिलाइनेछ । कार्यका लागि वन तथा वातावरण मन्त्रालयलाई थप जिम्मेवार बनाउने प्रस्ताव गरिएको छ । निजी क्षेत्रको जग्गा प्रयोगको विषय आफैँमा सबैभन्दा कठिन विषय बन्दै गएको छ । आवश्यकताभन्दा बढी माग राख्ने र अधिकांश स्थानमा आयोजना प्रभावितले अवरोध गरेर आयोजनाको समय र लागत दुवै बढेका कारण सरकारी जग्गा वा वन क्षेत्रको प्रयोगलाई बढी प्राथमिकता दिन लागिएको हो । एकाध टावर बनाउन वर्षौं लाग्ने, मुआब्जा वितरण प्रक्रिया असाध्यै झन्झटिलो भएपछि सरकारले त्यसको विकल्प खोज्न लागेको हो ।जलविद्युत् आयोजनामा निर्माण गरिने बाँध तथा तल्लो तटीय क्षेत्रको सुरक्षाका लागि बाँध सुरक्षा गाइडलाइन तयार पारिनेछ । जलवायु परिवर्तनका कारण नदी जलाधार क्षेत्रमा अत्यधिक वर्षालगायतका कारण आयोजनाको बाँध निर्माणलाई विशेष ध्यान दिनुपर्ने अवस्थाको सिर्जना भएको छ ।पूर्वी नेपालमा गत असारमा आएको भीषण बाढीले जलविद्युत् आयोजनामा पारेको प्रभावका आधारमा पनि प्रबन्ध गर्न लागिएको हो । तल्लो तटीय क्षेत्रको सुरक्षालाई महत्व दिएर यस खालको प्रबन्ध गरिन लागिएको हो ।यस्तै प्रस्तावित कार्यक्रममा विद्युत् प्रसारण तथा वितरण संरचनामा खुला पहुँचको व्यवस्थाका लागि आवश्यक निर्देशिका जारी गरिने भएको छ । यसबाट निजी क्षेत्रले अधिकतम लाभ हासिल गर्न सक्छ । स्वच्छ ऊर्जा रुपान्तरणका लागि मुलुकमा विद्यमान हरित हाइड्रोजन उत्पादनको प्रचुर सम्भावनालाई उपयोग गर्न हरित हाइड्रोजन नीति जारी गरिनेछ । काम आगामी छ महिनाभित्रै गर्ने ऊर्जा मन्त्रालयको तयारी छ । प्रसारण पूर्वाधारको तीव्र विकासका लागि निजी लगानी आकर्षित गरिनेछ । त्यसका लागि प्रतिस्पर्धात्मक वातावरण सिर्जना गरिनेछ । विद्युत् आयोजनाको विकास एवं निर्माणका लागि वन क्षेत्रको जग्गा प्रयोग गरेवापत प्रवद्र्धकले बुझाउनुपर्ने रकमको पुनरावलोकन गरिनेछ । वन क्षेत्रको जग्गा प्रयोगमा रहेको अप्ठ्यारोका कारण आयोजनाहरूले ठूलो समस्या भोग्दै आएका छन् । यस्तै प्रसारण लाइन निर्माण गर्ने क्रममा प्रसारणमार्गमा परेका जग्गा प्राप्तिमा देखिएको हालको समस्या समाधानका लागि विद्यमान क्षतिपूर्तिको व्यवस्थामा पुनरावलोकन गरी समयसापेक्ष बनाइनेछ । यसबाट विद्यमान सबै समस्या समाधान हुनेछ । काम पनि आगामी छ महिनाभित्रै पूरा गरिनेछ ।यसैगरी सरकारले नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता ऐन जारी गर्ने तयारी गरेको छ । त्यस्तै राष्ट्रिय ऊर्जा सुरक्षा नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ । विद्युत् आयोजनाको निर्माणमा आइपर्ने व्यवधानलाई छिटो सम्बोधन गरी तीव्र निर्माणका लागि विशेष कानुनको प्रबन्ध गरी कार्यान्वयनमा ल्याउने तयारी गरिएको छ । स्वदेशी तथा अन्तरदेशीय विद्युत् व्यापारका लागि लागि छिमेकी देशको नीतिगत व्यवस्था तथा प्रचलनलाई समेत मध्यनजर गरी विद्युत् व्यापार निर्देशिका जारी गर्ने योजनासमेत अगाडि सारिएको छ ।

## निजी क्षेत्रलाई विद्युत् व्यापारको अनुमति

निजी क्षेत्रलाई उचित कानुनी प्रबन्ध गरेर विद्युत् व्यापारका लागि सहजरूपमा अनुमति दिने भएको छ । लामो समयदेखि निजी क्षेत्रले आफूहरूलाई पनि विद्युत् बिक्रीका लागि अनुमति दिन माग गर्दै आएको सन्दर्भमा सरकारले त्यसतर्फ सकारात्मक प्रयास थालेको हो । सोही प्रयोजनका लागि ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले सङ्घीय संसद्मा विद्युत् विधेयक, २०८० दर्ता गरिसकेको छ । सम्भव भएसम्म विधेयकलाई सङ्घीय संसद्को चालु अधिवेशनमा नै पारित गर्ने सरकारको तयारी छ ।विद्युत् उत्पादनमा निजी क्षेत्रले देखिने गरी प्रगति गरेको छ । नेपाल विद्युत् प्राधिकरणको प्रणालीमा हाल निजी क्षेत्रको हिस्सा धेरै छ ।

प्रणालीमा २४ हजार पाँच सय७० मेगावाट घण्टा बराबरको बिजुली निजी क्षेत्रले उपलब्ध गराएको छ । निजी क्षेत्रको मागअनुसार नै कानुनी एवं संरचनागत प्रबन्ध गर्न लागिएको ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले जानकारी दिए । निजी क्षेत्रले भारत र बङ¬बंगलादेशका निजी क्षेत्रका व्यवसायी तथा विद्युत् व्यापार कम्पनीहरूसँग सहकार्य गर्ने र विद्युत् बिक्रीका लागि थप वातावरण बनाउने बताउँदै आएका छन् ।

# मदिरासहित पाँच भारतीय सार्वजनिक

**मधेशदृष्टि**
**हेटौँडा ।**
हेटौँडा–१५ रातोमाटेबाट ८ सय ५५ बोतल मदिरासहित २ वटा कार र पाँच भारतीयलाई प्रहरीले नियन्त्रणमा लिएको छ । भन्सार छलेर ल्याएको अबैध मदिरा व्यापार गर्ने ५ जनालाई प्रहरीले सार्वजनिक गरेको हो ।
चितवनबाट बारा लैजाँदै गरेको डिएल २ सिएके ७२७३ नम्बरको भारतीय कारबाट मदिरा बरामद भएको हो । प्रहरी चौकी रातोमाटे, मकवानपुरबाट खटिएको टोलीले हेटौँडा उपमहानगरपालिका वडा नम्बर १५ रातोमाटे चेकपोष्टबाट रोयल ग्रिन मदिरा ३७५ एमएलको ३ सय २५ वटा र १ सय ८० एमएलको ८४ वटा गरी ४ सय ९ बोतलसहित तीन जनालाई पक्राउ गरेको हो ।
प्रहरीले कार चालक भारतीय नागरिक २८ वर्षीय कुनाल, कारमा सवार भारतीय नागरिक ३१ वर्षीय नहिम र ३७ वर्षीय राजुलाई नियन्त्रणमा लिएको छ ।
यस्तै, हेटौँडा–१५ रातोमाटेबाटै रोयल ग्रिन मदिरा ३ सय ७५ एमएलको ३ सय ९० र १ सय ८० एमएलको ५६ बोतलसहति प्रहरीले भारतीय नागरिक २७ वर्षीय बिक्की र कारमा सवार भारतीय नागरिक २५ वर्षीय राहुल कुमारलाई पक्राउ गरेको छ ।
पक्राउ परेका पाँचै जनामाथि आवश्यक कारवाही र अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।




## खेतमै भेटियो लागुऔषध



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको मनियारीबाट प्रहरीले बेवारिसे अवस्थामा ठूलो परिणाममा अवैध लागुऔषध बरामद गरेको छ ।
प्रहरीले वीरगंज महानगरपालिका वडा नम्बर २२ मनियारी टोलका देवेन्द्र यादवको खेतमा पहेँलो रंगको दुईवटा बोराभित्र लुकाइछिपाइ राखिएको अवस्थामा लागुऔषध बरामद गरेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ । स्थानीयको सूचनाका आधारमा वडा प्रहरी कार्यालय श्रीपुरबाट प्रहरी निरिक्षक धर्मजंग थिङको कमाण्डमा खटिएको प्रहरी टोलीले यादवको खेतबाट बेवारिसे अवस्थामा दुई वटा बोरामा रहेको अवैध लागुऔषध डाइजिपाम २ हजार ३ सय ३५ एम्पुल, नुर्फिन ३ हजार १ सय ६९ र फेनारगन ३ हजार ४ सय ११ एम्पुलसहित ८ हजार ९ सय १५ एम्पुल फेला पारेको पर्साका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक कुमार बिक्रम थापाले जानकारी दिए । बेवारिसे अवस्थामा ठूलो परिणाममा अवैध लागुऔषध बरामद भएसँगै प्रहरीले थप अनुसन्धान अगाडि बढाएको छ ।

## ३२ किलो चरेश बरामद

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा प्रहरीले जिराभवानी गाउँपालिकाको चमरीपुल नजिकैको क्षेत्रबाट भारत लगिरहेको अवस्थामा ३२ किलोग्राम अवैध लागु औषध चरेशसहित एक जनालाई पक्राउ गरेको छ ।
विशेष सूचनाका आधारमा पर्सा प्रहरीको टोलीले नेपालबाट भारततर्फ मोटर साइकलमा राखेर लगिरहेको अवस्थामा ठोरी गाउँपालिका वडा नम्बर ५ विजयवस्तीका क्षेत्रबहादुर श्रेष्ठलाई चेकजाँच गर्दा उनका साथबाट ६४ पोकामा रहेको ३२ किलो ग्राम अवैध लागुऔषध चरेश बरामद भएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवम् डिएसपी कुमारविक्रम थापाले बताए ।
प्रहरीले चरेशसहित बरामद गरेको मोटरसाइकलको नम्बर भने थप अनुसन्धानका लागि गोप्य राखेको र पक्राउ परेको चरेशसहित श्रेष्ठलाई आवश्यक कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय पर्सामा ल्याइएको डिएसपी थापाले बताए ।

# गुणस्तरहीन सामग्री प्रयोगले न पुल बन्यो, न हिँड्न पाइयो

**'हामीले लिइरहेको आरएमसीले शौर्य सिमेन्ट प्रयोग गरेको भन्ने सुनेको छु ।' 'हामीले आरएमसी कम्पनीलाई पहिले नै भनेका थियौँ, राम्रो सिमेन्ट प्रयोग गर्नु नभए गुणस्तरीयतामा कुनै कम्प्लेन आए जिम्मा लिनुपर्ने छ,' उनले थपे, 'अहिले हामीसँग भ्याटबिल छ र समस्या भएर आरएमसी कम्पनीलाई जानकारी गराइसकेका छौँ ।'**



**मुकेश कुमार यादव**
**सिरहा ।**
कमसल निर्माण सामग्री प्रयोगका कारण पुल निर्माण अलपत्र भएपछि भँगहावासीको पुलबाट हिँड्ने सपना पूरा हुनसकेको छैन । आर्थिक वर्ष २०७६/७७ मा ठेक्का पाएको कम्पनीले एक वर्षमा निर्माण सक्ने गरी रातु नदी अन्तर्गत भँगहा नगरपालिका–६ मेघनाथ गोरहना–हात्तिसर्वा सडकको पुल निर्माणमा कमसल सामग्री प्रयोग गरेका कारण निर्माण अलपत्र परेको हो ।
पुल निर्माणको जिम्मा लिएको विकास एण्ड ब्रदर्श/रामजानकी जेभीले निर्माणको ४ वर्ष पुगिसक्दा पनि पुल निर्माण सकाएको छैन । भँगहा–६ का ५५ वर्षीय रामपुजन सिंहले निर्माण सामग्री कमसल भएकाले काम रोकिएको जानकारी आएको बताए ।
उनले भने, 'पुल निर्माण कार्य सुरु भएको वर्षौं बितिसक्दा पनि काम सम्पन्न नभएको भनेर साइड इन्जिनियरलाई सोध्दा उनले पुल निर्माण कार्यमा कमसल सामग्री प्रयोग भएकाले निर्माण रोकिएको बताएका छन् ।'
स्थानीय पुर्नी सिंहले निर्माणकार्यमा छड र सिमेन्ट हाल्नुपर्ने जति नहालेकाले कमजोर निर्माण भएको बताए । उनले भने, 'पुल निर्माणमा पातलो छड र कमसल सिमेन्ट प्रयोग भएको छ । सानो ढुङ्गाले हान्दा पनि पुलको पिलर भत्किन्छ । यस्तो पुलले कसरी गाडीको भार थाम्ला ?'
पुल निर्माण नहुँदा सानो पानी पर्दा पनि वारिपारीको खेत जान र पालिका कार्यालय पुग्नसमेत समस्या हुने गरेको स्थानीय चेतनारायण कुमर दनुवारले बताए । उनले २०७६ मंसिरमा शिलान्यास भए पनि पुल निर्माण सम्पन्न हुने छाँट नदेखिएको बताए ।
पुल निर्माण विकास एण्ड ब्रदर्श/रामजानकी जेभीले निर्माण गरिरहेको पुलका साइड इन्जिनियर वीरेन्द्र साहसँग बुझ्दा उनले पुल निर्माण गर्दा कम्प्रेसिभ स्टेन्थ पूरा नभएको जानकारी दिए । पुलको स्ल्याब ढलानमा एम २० हुनुपर्नेमा कम रहेको पाइएको उनले बताए ।
इन्जिनियर साहले भने, 'हामीले २०७९ साउन ७ गते एम २० ग्रेड कङ्क्रिटबाट टप स्ल्याब कास्टिङ्ग भएको स्ल्याब कोर कटिङ गराई निकालिएको सिलिण्डर स्याम्पल सेन्ट्रल मेटेरियल टेष्टिङ् ल्याबोरेटरीमा परीक्षण गराउँदा कंक्रिट जति परिमाणको हुनुपर्ने कम्प्रेसिभ स्टेन्थ त्यति पूरा नभएको पाइयो ।'
टप स्ल्याब कास्टिङ भएको ६ वटा स्ल्याब कोर कटिङ टेष्ट गर्दा कुनैमा एम ११, एम १३ र एम १५ मात्र पुगेको इन्जिनियर साहले बताए । पुल निर्माण कार्य २०७६ कात्तिक १५ गते एक करोड ९९ लाख १६ हजार ५९२ रुपैयाँको लागतमा विकास एण्ड ब्रदर्श÷रामजानकी जेभी जनकपुर १ धनुषाले जिम्मा लिएको इन्जिनियर साहले बताए ।
पुल निर्माणमा समस्या देखिएपछि पूर्वाधार विकास कार्यालय जनकपुरले निर्माण कार्य जिम्मा लिएका कम्पनी विकास एण्ड ब्रदर्श/रामजानकी जेभीलाई पुनः निर्माणको मेथोलोजीसहित उपस्थित हुन २०७९ फागुन १२ गते पत्र लेखेको थियो । तर, निर्माण कम्पनीले अझै मेथोलोजी पेस गरेको छैन ।
निर्माण कम्पनीले आफूले सबै गुणस्तरीय सामान नै प्रयोग भएको दाबी गरेको छ । कम्पनीका प्रोप्राइटर दिवाकर साहले सबै निर्माण सामग्री गुणस्तरीय प्रयोग गरिएको ताए । आरएमसी मसला प्रयोग भएकाले त्यसको जिम्मा उनले नै लिएको बताए ।
उनले भने, 'हामीले लिइरहेको आरएमसीले शौर्य सिमेन्ट प्रयोग गरेको भन्ने सुनेको छु ।' 'हामीले आरएमसी कम्पनीलाई पहिले नै भनेका थियौँ, राम्रो सिमेन्ट प्रयोग गर्नु नभए गुणस्तरीयतामा कुनै कम्प्लेन आए जिम्मा लिनुपर्ने छ,' उनले थपे, 'अहिले हामीसँग भ्याटबिल छ र समस्या भएर आरएमसी कम्पनीलाई जानकारी गराइसकेका छौँ ।'
'सुनजस्तो चुनढुङ्गाबाट तयार गरिएको गुणस्तरीय निर्माण हाम्रो प्रतिबद्धता' नारा लगाउने शौर्य सिमेन्टका कारण वर्षौंदखि अलपत्र अवस्थामा रहेको कतिपय विकास निर्माणको काम ठप्प परेको छ । शौर्य सिमेन्टका कारण पुल निर्माण कार्य अलपत्र बनेको पाइएको छ ।

# लुटपाटपछि हत्या

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको जगरनाथपुर गाउँपालिकाको मसिहानीमा मृत फेला परेकी कान्ती देवी बिनको हत्या लेनदेन र लुटपाटका कारण भएको प्रहरीले जनाएको छ । जगरनाथपुर गाउँपालिका वडा नम्बर ५ मसिहानीमा एक्लै बस्दै आएकी कान्ती देवी असोज २ गते घरमै मृत फेला परेकी थिइन् ।
घटनाको भोलिपल्ट कान्ती घरबाट ननिस्केपछि स्थानीयले उनलाई मृत फेला पारेसँगै प्रहरीलाई खबर गरेका थिए । उनको धारिलो हतियार प्रयोग गरी हत्या भएको प्रारम्भिक घटनासँगै प्रहरीले सोही आधारमा अनुसन्धान अगाडि बढाएको र मृतकको शव पोष्टमार्टमक्रममा अनुसन्धानका लागि मृतकका देवर लालबाबु बिनलाई नियन्त्रणमा लिएको थियो ।
लालबाबुले हत्यामा संलग्नता स्वीकारेसँगै उनको बयानका आधारमा थप ३ जनालाई समेत प्रहरीले पक्राउ गरेको छ । अभियुक्तले मृतकका छोराले विदेशबाट पैसा पठाएको र पैसा लुट्न उनको हत्या गरेको स्वीकारेका छन् ।

# सिम्रौनगढका पुराना कर्मचारीलाई भ्रष्टाचार मुद्दा

**मधेशदृष्टि**
**वीरगंज ।**
अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बाराको सिम्रौनगढ नगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत विश्वराज मरासेनी, लेखा अधिकृत सर्मेन्द्रप्रसाद चौधरीसहित ५ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ ।
सिम्रौनगढ–८ कचोर्वास्थित जनता माविको भवन निर्माणवापतको रकम उपभोक्ता समितिलाई दिने क्रममा अनियमितता गरेको आरोपमा अख्तियारले मरासेनी र चौधरीविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको हो । अख्तियारले जनता माविको भवन निर्माण उपभोक्ता समितिका अधयक्ष रामबाबु प्रसाद यादव, सचिव रामाकान्त प्रसाद र कोषाध्यक्ष किरणदेवी यादवविरुद्ध पनि भ्रष्टाचार मुद्दा दायर गरेको छ ।
तत्कालीन प्रमुख प्रशासकीय अधिकृत मरासेनी र लेखा अधिकृत चौधरीले प्राविधिकले तयार गरेको मूल्यांकन र भुक्तानीको लागि स्वीकृत भएको टिप्पणीमा उल्लेख भएको भन्दा बढी रकम उपभोक्ता समितिलाई भुक्तानी दिएको अनुसन्धानबाट खुलेको अख्तियारका प्रवक्ता भोला दाहालले जानकारी दिए । अख्तियारका अनुसार उनीहरुले निर्माण काममा खर्च भएको रकम भन्दा ६ लाख ५८ हजार ४ सय ४० रुपैयाँ १६ पैसा बढी भुक्तानी दिएको देखिएको छ ।

# विभिन्न विद्यालयलाई डस्टबिन वितरण




**मधेशदृष्टि**
**वीरगंज ।**
राउन्ड टेबल नेपाल अन्तर्गत वीरगंज राउन्ड टेबल ३ ले विभिन्न विद्यालयमा सरसफाइका लागि डस्टबिन वितरण गरेको छ ।
वीरगंज राउन्ड टेबल ३ का अध्यक्ष अंकुर भांगरको अध्यक्षतामा सम्पन्न कार्यक्रममा वीरगंजस्थित बालमन्दिर विद्यालय, सिन्दुरियामाई प्राथमिक विद्यालय लक्ष्मणवा र पशुपति शिक्षा मन्दिर परवानीपुरलाई डस्टबिन वितरण गरिएको हो ।
कार्यक्रममा वीरगंज राउन्ड टेबल ३ का पदाधिकारी तथा सदस्यको सहभागिता थियो ।

# भूमि आयोगद्वारा निवेदन आह्वान



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
राष्ट्रिय भूमि आयोगको धनुषा जिल्ला समितिले सुकुम्बासी समस्या तथा अव्यवस्थित बसोबासीको जग्गा समस्या समाधानका लागि निवेदन आह्वान गरेको छ । २०७७ वैशाख १ गतेभन्दा अगाडि नेपाल सरकारले गठन गरेको विभिन्न आयोग तथा समिति वा कार्यदलले वितरण गरेको जग्गाको स्वामित्व, दर्ता श्रेस्ता वा नक्सा प्रमाणित लगायत विषयमा कुनै समस्या भए आवश्यक प्रमाण कागजात सहित विगतका आयोग, समिति वा कार्यदलका बाँकी काम सम्पन्न गर्ने सम्बन्धी कार्यविधि, २०७८ को अनुसूचि २ बमोजिमको ढाँचामा निवेदन लिएर आउन आयोगका धनुषा समिति अध्यक्ष सुरेश कोइरालाले आह्वान गरेका छन् । 'विगतमा आयोग वा भूमि व्यवस्थापन सम्बन्धी कुनै पनि सरकारी निकायले उपलब्ध गराएको प्रमाण देखिने कागजात भए रितपुर्वक निवेदन लिएर आए हामीले काम गर्न सहज हुनेथियो' कोइरालाले भने, 'विगतमा अनेक आयोग गठन भए, तर पूर्ण रुपमा काम गर्न नपाउँदै विघटन हुँदैगए । यसपाली भने हामीले निष्कर्षमा पुग्नुपर्नेगरी केन्द्रबाट पनि सहयोग भइरहेको छ । पालिकाहरुले चाहे समयमै काम सकिन्छ ।'धनुषा जिल्लाका १८ वटै पालिकाहरुले भूमि आयोगसँग काम गर्न लिखित रुपमै सम्झौता गरिसकेको आयोगका धनुषा जिल्ला समिति अध्यक्ष सुरेश कोइरालाले जानकारी दिए । उनका अनुसार मिथिला नगरपालिका र गणेशमान चारनाथ नगरपालिकामा प्राप्त निवेदनहरु अनलाइन इन्ट्री सकेर नापी सुरु भएको छ । गणेशमान चारनाथ नगरपालिकाको एक नम्बर वडाको नापी कार्य समेत सम्पन्न भइसकेर वडा नम्बर चारमा नापी भइरहेको जानकारी दिँदै कोइरालाले मिथिला नगरपालिकाको ११ नम्बर वडामा नापी भइरहेको बताए । उनले अन्य पालिकाहरुमा पनि प्राप्त भएका निवेदनहरुलाई तत्काल अनलाइन इन्ट्री गराउन आफै पालिकाको कार्यालयहरुमा पुगेर सहजीकरण गरिरहेको जानकारी दिए । कोइरालाका अनुसार गणेशमान चारनाथ नगरपालिका र मिथिला नगरपालिकामा गरि करिब सात हजार निवेदन परेको छ । अन्य पालिकाहरुमा इन्ट्री भएपछि मात्रै निवेदनको संख्या यकिन हुने उनले बताए ।

# लक्ष्य भन्दा ३० प्रतिशत कम राजस्व असुली

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज भन्सार आइसिपी र सुक्खा बन्दरगाह भन्सार कार्यालयले चालु आर्थिक वर्ष २०८०÷८१ को २ महिनामा ३३ अर्ब २३ करोड २७ लाख ३१ हजार रुपैयाँ राजस्व असुली गरेका छन् । देशकै प्रमुख भन्सार नाकाका रुपमा रहेको एकीकृत भन्सार जाँच चौकी आइसिपी वीरगंजले चालु आर्थिक वर्ष २०८०÷८१ को २ महिनामा २४ अर्ब ५८ करोड ६ लाख ७२ हजार रुपैयाँ राजस्व असुली गरेको छ ।
अर्थ मन्त्रालय भन्सार विभागले आइसिपी भन्सारलाई साउन र भदौमा ३५ अर्ब ४४ लाख ४२ हजार रुपैयाँ राजस्व उठाउने लक्ष्य तोकेको भए पनि मालसामान आयात निरन्तर ओरालो लागेसँगै चालु आर्थिक वर्षको पहिलो र दोश्रो महिनामा लक्ष्यअनुसार राजस्व असुली प्रभावित भएको आइसिपी भन्सारका प्रमुख भन्सार प्रशासक डिलाराम पन्थीले जानकारी दिए । आइसिपी वीरगंजले तोकिएको लक्ष्य भन्दा झण्डै ३० प्रतिशत कम राजस्व असुली गरेको छ ।
अर्थमन्त्रालयले तोकेको लक्ष्य भन्दा २ महिनामा १० अर्ब ४२ करोड ३७ लाख ७० हजार रुपैयाँ कम राजस्व असुली भएको वीरगंज भन्सार कार्यालयले सार्वजनिक गरेको तथ्यांकमा उल्लेख छ । यसैगरी वीरगंज भन्सार कार्यालयले भन्सार राजस्वतर्फ ९ अर्ब ३५ करोड ६६ लाख ३८ हजार रुपैयाँ राजस्व असुली गरेको छ भने मूल्य अभिवृद्धि करतर्फ १० अर्ब ४० करोड ५५ लाख २९ हजार रुपैयाँ राजस्व असुली भएको छ ।
त्यसैगरी, अन्तःशुल्क तर्फ १ अर्ब ९ करोड २५ लाख ४४ हजार रुपैयाँ असुली गरेको प्रमुख भन्सार अधिकृत राजेन्द्र ढुंगानाले बताए ।
त्यसैगरी, वीरगंज भन्सार कार्यालयले पूर्वाधार करतर्फ १ अर्ब ७६ करोड ६७ लाख ८२ हजार रुपैयाँ राजस्व उठाएको छ भने कृषिसुधार शुल्कतर्फ २२ करोड ३८ लाख १० हजार रुपैयाँ असुली गरेको छ । यसैगरी, वीरगंज भन्सार कार्यालयले सडक मर्मत तथा सुधार दस्तुरतर्फ ४८ करोड २८ लाख २५ हजार रुपैयाँ राजस्व असुली गरेको छ भने सडक निर्माण तथा सम्भारदस्तुरमा ३८ करोड ५४ लाख ३ हजार रुपैयाँ राजस्व असुल गरेको वीरगंज भन्सार कार्यालयको तथ्यांकमा उल्लेख छ ।
यता, वीरगंजको अर्को भन्सार नाका सिर्सिया सुक्खा बन्दरगाह भन्सार कार्यालयले चालु आर्थिक वर्षको २ महिनामा साउन र भदौ महिनामा ८ अर्ब ६५ करोड २० लाख ५९ हजार रुपैयाँ राजश्व असुली गरेको छ । सिर्सिया भन्सार कार्यालयले साउन र भदौ महिनामा ९ अर्ब ६१ करोड ९१ लाख ५३ हजार राजस्व असुली गरेको छ । सुक्खा बन्दरगाह भन्सार कार्यालयका सूचना अधिकृत सन्तोष न्यौपानेले चालु आर्थिक बर्षमा समग्रमै आयातमा सुधार भएपछि त्यसको सकारात्मक प्रभाव राजश्व असुलीमा पनि देखिएको बताए ।

## माग पूरा नभए ड्राइपोर्टमा आन्दोलनको चेतावनी



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका वडा नम्बर २५ स्थित ड्राइपोर्ट सुक्खा बन्दरगाह संघर्ष समितिले असोज १३ गतेभित्र माग पूरा नभए फेरि धर्नामा बस्ने जनाएको छ ।
ड्राइपोर्ट विस्तारका लागि सरकारद्वारा अधिग्रहण गरिएको जग्गालगायत भौतिक सम्पत्तिको मुआब्जा रकम भुक्तानीमा भएको ढिलाई र मुआब्जा रकमबाट कट्टा हुँदै गरेको लाभांश २.५ प्रतिशतबाट बढाई ५ प्रतिशत कायम गरिएको विरोधमा यसअघि पनि ड्राइपोर्ट गेटमा धर्ना दिइएको थियो । ड्राइपोर्ट भन्सार कार्यालयले भदौ मसान्तभित्र मुआब्जाको सम्पूर्ण रकम भुक्तानी दिने गरी समितिसँग सम्झौता गरेपछि धर्ना स्थगित गरिएको थियो । तर अहिले असोज लागिसक्दा समेत मुआब्जा रकम भुक्तानी नपाएपछि संघर्ष समितिले असोज १३ गतेसम्म सम्झौता अनुसार भुक्तानी नभए फेरि धर्ना बस्ने चेतावनी दिएको हो । समितिले सुक्खा बन्दरगाह कार्यालयलाई ज्ञापन पत्र बुझाएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालय: जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन